# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल बहुजातिय, बहुभाषिय मुलुक हो । यहाँ विभिन्न प्रकारका भाषा, संस्कृति, चालचलन, रितिरिवाज पाइन्छन् । नेपाल एक हिन्दू धर्मको बाहुल्य भएको देश भएतापनि यस अधिराज्यभित्र गैर हिन्दूहरू पनि लामो समयदेखि बस्दै आएका पाइन्छन् । जसमा मुस्लिम धर्मावलम्बीहरू पनि एक छन् । मुस्लिम धर्म विश्वका प्रख्यात चार धर्महरू मध्येको एक धर्म हो । यिनीहरूको आफ्नै धर्म, भाषा, संस्कृति भएकाले हिन्दू राष्ट्रभित्र छुट्टै पहिचान रहेको छ ।

मुस्लिम धर्मावलम्बीहरू आफ्नो धर्म र कला संस्कृतिमा बढी कट्टर हुन्छन् । धर्मले पनि यिनीहरूलाई केही अनिवार्य गर्नुपर्ने कार्यहरू तोकिदिएको छ । जसमा नमाज, जकात, रमजान, हज मुख्य हुन् । त्यसमा पनि हज र जकात धन सम्पत्तिसँग बढी नजिक भएकाले सम्पन्न व्यक्तिहरूलाई मात्र सीमित रहेको छ ।

पैगम्वर मोहमम्दलाई मुस्लिमहरू अल्लाह मान्दछन् र सोही इस्लामिक धर्म कानुनको अधीनमा रही आफ्नो कार्यहरू गर्दछ् । मुसलमानका पहिला पूर्खा पन्ध्रौ शताब्दीको अन्त्यतिर तथा सोह्र शताब्दीको सुरूतिर लदाकको बाटो तिब्वत पसेर नेपाल आएको करिमरी मुसलमान थिए । कुरान मुसलमानहरूको पवित्र धर्म ग्रन्थ हो । विश्वकै मुलसमानहरू इस्लामिक कानुन अनुसार चल्दछन् । नीतिनियमको पालना तथा महिलाप्रतिको दृष्टिकोणमा उनीहरू निकै कठोर देखिन्छन् । सिया र शुन्नी मूल सम्प्रदाय यस धर्ममा पाइन्छ ।

नेपाल विविध भाषा संस्कृतिको संगम भएको साझा फूलबारीका रूपमा रहेको मुलुक हो । नेपालका ५९ जनजाती र १०० जाती मध्येको एक जाति मुसलमान पनि हो । यो जातिको आफ्नै मौलिक पहिचान र विशेषता छ । यिनीहरू जनजाति अन्तर्गत पनि परेका छैनन् । यिनीहरू आफ्नो धर्म संस्कृति भएका र सामाजिक विकासका दृष्टिले अन्य जातिभन्दा अलि पछाडि परेका देखिन्छन् । नेपालमा बसोबास गर्ने सम्पूर्ण जातजातिले आ-

आफ्नै पहिचान र छुट्टै अस्तित्व रहेको छ । त्यस्तै मुसलमान जाति पनि आफ्नो धर्म, संस्कृति, भाषा परम्परा र छुट्टै अस्तित्वको परिचय दिने जाति हो ।

इस्लाम धर्मलाई मुसलमान धर्म पनि भनिन्छ । अनादिकालदेखि नै चलिआएको यस धर्मका लागि अल्लाहका सन्देशबाहेक रसुहलहरूले यसको प्रचारप्रसार गरेर शिक्षा दिँदै आएका पाइन्छ । इस्लाम अरबी भाषाको शब्द हो । जसको अर्थ आज्ञापालन भन्ने हुन्छ अल्लाहको आज्ञापालन गर्नु नै इश्लाम धर्म हो । मुसलमानको अर्थ सेवक भन्ने हुन्छ । अर्थात् अल्लाहको सेवक हुनु मुस्लिम बन्नु हो ।

सातौ शताब्दीमा पूवर्तक मोहमम्दद्वारा व्याख्या गरिएको विश्वको दोस्रो ठूलो धर्मका रूपमा इश्लाम धर्म रहेको छ । मोहमम्दको जन्मस्थानका रूपमा रहेको मक्का मुसलमानहरूका लागि पवित्र शहरको रूपमा रहको छ । विश्वभरकै मुसलमानहरूको जीवनमा कम्तीमा एकपटक त्यस पवित्र शहरमा पुगी इश्लाम धर्मका जन्मदाता मानिएका अल्लाहको प्रार्थनागर्ने लक्ष्य राख्दछन् । विश्वका प्राय सबैजसो अरवियन मुलुकहरू, पाकिस्तान, बंगलादेश लगायतका देशका अधिकांश मानिसहरू मुस्लिम धर्म मान्दछन् ।

मुसलमानहरू मुख्यतः व्यापार व्यवसाय गर्दछन् । महिलाहरू पनि कस्मेटिक पसल सञ्चालन गर्दछन् । चुराको व्यापार गर्ने भएकाले मुसलमान जातिलाई चुरेटा पनि भनेर चिनिन्छन् । नेपालका मुसलमान व्यापार, व्यवसाय, कृषिका साथसाथै वैदेशिक रोजगारका लागि पनि गएको देखिन्छ । महिलाहरू प्राय घरकै कामकाज, बच्चाको स्याहार संभारमा व्यस्त देखिन्छन् । मुस्लिम समुदायमा परिवार नियोजनलाई धर्मको विरूद्ध मान्ने भएकाले यस समुदायका महिलाहरूले धेरै सन्तान उत्पादन गरेको देखिन्छ । पारिवारिक निर्णय सम्पूर्ण पुरूषले गर्ने गर्दछन् । महिलाको निर्णय भूमिका एकदम कम मात्र देखिन्छ । मुसलमानहरू आफ्नो धर्ममा अडिग देखिन्छन् ।

मुसलमान समुदायमा महिला शिक्षाको अवसर कम मात्रामा देखिन्छ । महिलाले स्वतन्त्रपूर्वक जीवनयापन गर्न पाउँदैनन् । सानै उमेरमा छोरीको विवाह गरिदिने र घरकै कामकाजमा महिलाहरू व्यस्त देखिन्छन् ।

## १.२ समस्याको कथन

रूपा गाउँपालिकाका विभिन्न गाउँहरूमा बसोबास गर्दै आएका मुसलमान जातिहरूको परम्परादेखि नै मौलिक भाषा, संस्कृति, चाडपर्व, रितिरिवाज, चालचलन रहँदै आएका छन् । हाल आाएर यस रूपा गाउँपालिका वडा नं ६ मा बसोबास गर्ने मुसलमान समुदायमा पुरूषको वर्चस्व रहेको पाइन्छ । साथै प्रत्येक कार्यमा पुरूषको निर्णय तुलनात्मक रूपमा बढी स्वीकार्य हुन्छ भने महिलाहरूको आवाज त्यति सुनिदैन । महिलाहरूलाई बाध्यतावश पुरुषधीन हुने वातावरण सिर्जना गराइन्छ । छोराको तुलनामा महिलाहरू स्वतन्त्रपूर्वक बोल्न, घुमफिर गर्न तथा कुनै पनि सांस्कृतिक, शैक्षिक, राजनैतिक, आर्थिक कार्यहरूमा सरीक हुन सक्दैनन् । चुराको व्यापार गर्ने भएकाले यिनीहरूलाई चुरेटा भनेर पनि चिनिन्छ । विशेष कुरा के भने यिनीहरूको समुदायभित्र एउटै आमाको दुध खाएका दाजुभाई, दिदीबहिनी बाहेक अन्यसँग विहेबारी गर्न सकिने अनौठो परम्परा छ । सुन्नतलाई मुस्लिमहरूको महत्वपूर्ण परम्परा मानिन्छ । यस धर्ममा पुरूषले जतिवटा पनि विवाह गर्न सक्ने र सम्बन्धविच्छेद पनि सजिलै गर्न सक्ने देखिन्छ भने महिलाहरू यसबाट विल्कुल बञ्चित छन् । यदि सम्बन्धविच्छेद भई हाले पनि महिलालाई समाजमा हेयको दृष्टिले हेर्ने गरिन्छ । यस मुस्लिम समुदायमा महिलाको भन्दा पुरूषको वर्चश्व बढी हुन्छ । महिलालाई घरको काम काज र सन्तानोत्पादन कार्यमा बढी मात्रामा सहभागिता गराएको पाइन्छ । घरकै काममा व्यस्त हुने हुँदा अन्य कार्यमा जस्तै घर समाजमा हुने विभिन्न क्रियाकलाप संलग्न हुन पाउँदैनन् जसको कारणले मुस्लिम समुदायका महिला अन्य महिलाको तुलनामा पछि परेको देखिन्छ । छोरीलाई धेरै नपढाउने छिट्टै विवाह गरेर अर्काको घरमा पठाइदिने गर्दछन् । छोरीको विवाह आफ्नो इच्छा अनुसारको केटासँग कमै मात्रामा गराएको देखिन्छ । मुस्लिम समुदायका महिलाले धेरै बच्चा जन्माउने हुँदा यिनीहरू शारीरिक रूपले कमजोर र प्रजनन समस्या पनि धेरैलाई देखिन्छ । सारमा यो अध्ययन निम्न अध्ययन सवालहरूको उत्तर खोज्नेमा केन्द्रित हुनेछ ।

क) मुस्लिम समुदायमा छोरीको विवाह प्रक्रियामा उनीहरूको भूमिका कस्तो छ ?

ख) मुस्लिम समुदायमा महिलाको घरायसी अवस्था कस्तो छ ?

ग) मुस्लिम समुदायमा महिलाको शैक्षिक अवसर र अवस्था कस्तो छ ?

## १.३ अध्ययनका उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य मुस्लिम समुदायका महिलाहरूको अवस्था पत्ता लगाउने हो । साथै सामाजिक, शैक्षिक र पारिवारिक अवस्थालाई प्रकाश पार्ने रहेको छ । यसका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

क) विवाह प्रक्रियामा छोरीको निर्णय तथा शैक्षिक अवस्था पत्ता लगाउन ।

ख) पारिवारिक जीवनमा महिलाको अवस्था प्रकाश पार्ने ।


## १.४ अध्ययनको महत्त्व तथा औचित्य

रूपा गाउँपालिका वडा नं ६ तालवेशीमा बसोबास गर्ने मुस्लिम समुदायका महिलाको स्थिति पुरूषको तुलनामा निकै नाजुक देखिन्छ । मुस्लिम समुदायका पुरूषहरू आयआर्जनमूलक कार्य साथै वैदेशिक रोजगारका लागि खाडी मुलुकमा जाने गर्दछन् भने महिलाहरू भने घरका कामकाज, कृषि साथै व्यापारमा चुरा तथा कस्मेटिक पसल गर्ने गर्दछन् ।

अत्यन्त कष्टपूर्ण जीवनयापन गर्दै आइरहेका नेपाली मुस्लिम समुदायका महिलाका बारेमा अनुसन्धान गर्दा यस समुदायको भावी जीवनमा यसले महत्वपूर्ण भूमिका खेल्न सक्छ । यस अघिका अध्ययन कार्यहरू मुस्लिम समुदायका बारेमा धेरै केन्द्रित भएका छैनन् । रूपा गाउँपालिका वडा नं ६ का बारेमा केन्द्रित भएर थोरै मात्रामा अध्ययन भएका छन् । त्यसैले पनि यस अध्ययनको औचित्य पुष्टि हुन्छ ।

## १.५ अवधारणात्मक ढाँचा

चित्र १ : अवधारणागत रूपरेखा



यस अवधारणागत रूपरेखाले मुस्लिम समुदायमा महिलाको अवस्था कमजोर हुनुका विविध कारणहरूलाई प्रष्ट्याउन खोजिएको छ । सर्वप्रथम समाजमा भएका कुरीति परम्परावादी सोचाई यथास्थितिवाद, पुरानो संस्कृति, रूढीवादीपन पछौटे समाज अन्धविश्वास, पुरातन सोचाइले समाजलाई पछिल्लतिर धकेली रहेको छ भने यसको अलवा मुस्लिम समुदायमा सन्तानोत्पादन कार्य उच्च भएको कारण उनीहरू व्यस्त हुनुका साथै अस्वस्थ पनि हुने गर्दछन् भने उनीहरूमा शिक्षाको कमीले गर्दा अझ बढी समस्याहरू झेल्न परेको छ । अशिक्षित हुनुको कारणले नै उनीहरू शिक्षामा कम लगानी गर्नुका साथै समय र शैक्षिक सामग्रीहरू पनि पर्याप्त उपलब्ध हुन सक्दैन । मुस्लिम धर्म आफैँमा बढी कट्टरता भएको धर्म हो । जहाँ छोराको महत्व बढी र छोरीलाई दोस्रो दर्जामा राखिनुको कारणले मुस्लिम समुदायमा महिलाको अवस्थालाई थप दयनीय बनाउँछ । महिलाहरूको राजनीतिमा कम पहुँच भएका कारण नीति नियम पनि महिला अनुकूल हुँदैनन् । विशेषत न्यून आम्दानी र वेरोजगारीको समस्याले गर्दा उनीहरूमा बढी बोझिला कार्यहरू र धेरै समय काममा खटिनु पर्ने स्थिति सिर्जना भएको छ ।

## १.६ अध्ययनका सीमा

अनुसन्धान वा अध्ययनको उद्देश्य, प्रकृति र समयका कारणले निश्चित दायराभित्र राखी अध्ययन गर्नुपर्ने देखिन्छ । सामाजिक घटना र संगठनको अध्ययन निश्चित सामाजिक व्यवस्था र परिवेशमा मात्र लागु हुन सक्छ, त्यसैले अध्ययनको सार्थकतालाई निर्धारण गर्दछ । यस अध्ययनका लागि रूपा गाउँपालिका वडा नं ६ को तालवेशीमा रहेका मुस्लिम समुदायका ५० घरधुरी मा  ३० घरधुरीलाई समेटिएको छ । यस समुदायमा बसोबास गर्ने विभिन्न उमेर समूहका महिलाहरूलाई वर्गीकरण गरी अनुसन्धान गरिएको छ । रूपा गाउँपालिका वडा नं ६ तालवेशी बाहेकका कास्की जिल्लाका अन्य क्षेत्र र देशका अन्य स्थानमा रहेका मुस्लिम समुदायका महिलाको बारेमा केही उल्लेख गरिएको छैन । मुस्लिम समुदायका महिलाहरूलाई कस्तो खालको सामाजिक, आर्थिक, शैक्षिक अवसरहरू दिइएको छ भन्ने तथ्यमा अध्ययनलाई केन्द्रित गरिएको छ । तसर्थ यस अध्ययनका निम्न सिमाहरू रहेका छन् ।

क) यस अध्ययन रूपा गाउँपालिका वडा नं ६ तालवेशीमा रहेका मुस्लिम समुदायमा मात्र केन्द्रित रहेको छ ।

ख)	रूपा गाउँपालिका वडा नं ६ तालवेशीका मुस्लिम समुदायका महिलाहरूका बारेमा अध्ययन केन्द्रित रहेको छ।

## १.७ संगठननात्मक ढाचाँ

यस अध्ययनलाई सात अध्यायमा विभाजन गरी प्रस्तुत गरिएको छ।

**अध्याय एक** : परिचयात्मक खण्डसंग सम्बन्धित छ। यसमा अध्ययनको पृष्ठभुमि, समस्याको कथन, अध्ययनको उदेश्य, अध्ययनको महत्व, अध्ययनका सिमा र अध्ययनको संगठनलाई समेटिएको छ।

**अध्याय दुई** : पुर्व साहित्यको पुनरावलोकनमा केन्द्रित छ। यस अध्यायमा अध्ययनको विषयसंग सम्बन्धित विभिन्न पुस्तकहरू सिद्धान्तहरू तथा लेख, रचनाहरूलाई पुनरावलोकन गर्ने कार्य सम्पन्न गरिएको छ।

**अध्यायतीनमा** : प्रस्तुत अध्ययनलाई सम्पन्न गराउने क्रममा अपनाइएका अनुसन्धान पद्धतिका बारेमा गरिएको छ। यसलाई अध्ययन क्षेत्र छनोट, अध्ययन ढाचाँ, तथ्याङ्कको स्रोत तथ्याङ्क संकलन विधि, विश्लेषण र प्रस्तुतीस्करण आदि विभिन्न भागमा विभाजन गरिएको छ।

**अध्याय चार** : यस अध्ययनको मुख्य भाग हो यसमा अध्ययन क्षेत्रको परिचय र उत्तरदाताहरूको पारिवारीक, वैवाहिक शैक्षिक पक्षमा सम्बन्धित रहि प्राप्त तथ्याङ्कलाई विश्लेषण गरिएको छ।

**अध्याय पाँच** : मुस्लिम समुदायका महिलाहरूको पारिवारीक जीवनको अवस्थामा सम्बन्धित रहि तयार पारीएको छ।

**अध्याय छ** : मुस्लिम समुदायका शैक्षिक तथा वैवाहिक अवस्थामा रहि प्रस्तुत गरिएको छ। उत्तरदाताबाट आएको तथ्याङ्कलाई आधार मानी विवरणात्मक एवम् वर्णनात्मक तरीकाले विश्लेषण गरी त्यसलाई प्रस्तुत गरिएको छ।

**अध्याय सात** : सारांश र निश्कर्ष समेटिएको छ। यस अध्ययनको अन्त्यमा सन्दर्भ सामाग्री, अनुसुची पनि समावेश गरिएको छ।

# अध्याय : दुई

# सम्बन्धित पूर्व साहित्यको अध्ययन

## २.१ सैद्धान्तिक समीक्षा

हाम्रो देशमा नारीलाई दोस्रो दर्जाको नागरिकको रूपमा हेरिने गरेको पाइन्छ । संसारको सृष्टिको आधार पनि नारी नै हुन् यद्यपि अधिकांश विकसित एवम् विकासोन्मुख मुलुकहरूमा नारीहरू शोषित र उत्पिडित भएका छन् । जुनसुकै समाजको संरचना नारी र पुरूष विना असम्भव छ । समाजमा महिला र पुरूषको अधिकार र दायित्व पनि समान हुन्छ । समाजलाई अघि बढाउन विकास र संस्कृति रूपि रथका दुई पाङ्ग्रा मध्य एक पुरूष र अर्को नारीलाई मान्दै आएको पाइन्छ । तर यसो हुँदाहुँदै पनि पितृसत्तात्मक सोचबाट जकडिएको हाम्रो जस्तो समाजले महिलाहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरेको छ । जसमा पुरूषको दाजोमा नारीहरू पछाडि परेका छन् । मुस्लिम समुदायमा त महिलाको स्थिति निकै नाजुक छ र दयनीय देखिन्छ । उनीहरूलाई आफ्नो इच्छा अनुसार कुनै पनि निर्णय लिन पाउने अधिकार ज्यादै न्यून देखिन्छ । मुस्लिम समुदायका महिलाको मुख्य काम भनेको घरको काम धन्दा र सन्तानोत्पादन मात्रै देखिन्छ । मुस्लिम धर्म कठोर भएको कारण मुस्लिम समुदायका महिला आफ्नो हक र अधिकारबाट बञ्चित देखिन्छन् ।

### २.१.१लैङ्गिक सिद्धान्त

लैङ्गिक अध्ययन सामाजिक विज्ञानमा देखाइएको एउटा नयाँ विषय हो । हुन त प्राचिन समयमा पनि जेन्डरका अवधारणा नभएको होइन मात्र अदृश्य रूपमा रहेको थियो । यद्यपि जेन्डरलाई समरूपतासँग पनि लिइएको पाइन्छ । वास्तवमा लिंगले भौतिक शारीरिक संरचनालाई झल्काउँछ भने जेन्डरले महिला र पुरूषको सामाजिक सांस्कृतिक अभ्यासलाई प्रतिनिधित्व गर्दछ । कुनै पनि समाजमा महिला र पुरूषद्वारा अपेक्षा गरिएको व्यवहार एवम् गुणहरूको भूमिकाहरूका समूहलाई जेन्डर भनिन्छ । यसप्रकार जेन्डरले महिलालाई मात्र नभई महलिा र पुरूष दुबैको समाजमा खोलिएको भूमिका वा व्यवहारलाई प्रतिनिधित्व गर्दछ । जसको निर्धारण सोही समाजको सामाजिक अभ्यासले गर्दछ (चौलागाँई, २०६०) ।

यसरी जेन्डरले महिला र पुरूषको सामाजिक सांस्कृतिक भूमिकालाई प्रस्ट्याउँछ भने महिला र पुरूषबीचको समान एवम् असमान कार्यका सम्बन्धमा लैङ्गिक अध्ययनले चासो लिएको हुन्छ ।यसको अतिरिक्त समाजमा विद्यमान विभिन्न असमानताहरू के कति कारणले सिर्जना गरिएका छन् र कसरी यसको समाधान गर्न सकिन्छ । साथै विभिन्न नीति नियम एवम् चेतनशील कार्यक्रमको आवश्यकता तथा निर्माणमा समेत लैङ्गिक अध्ययन गरिन्छ । लैङ्गिक अध्ययन हुनुपूर्व महिलालाई पुरूषको सहयोगीको रूपमा मात्र हेरिन्थ्यो । महिलाको भूमिकालाई खासै महत्व दिइदैनथ्यो । यस अध्ययनले सामाजिक सांस्कृतिक परिवेशमा महिला र पुरूष जो निम्नस्थानमा रहेको देखिएको वा देखाइएको छ, उसलाई समानतातर्फ लम्कन प्रेरित गर्दछ । वर्तमान हाम्रो परिवेश पितृसत्तात्मक छ जहाँ पुरूषको बोलबाला र हैकमवाद चल्छ । यहाँ महिलालाई हेर्ने आँखा दोषी छन् । त्यसैले दोषी आँखालाई औषधीमूलो गरी न्यायसंगत दृष्टिले महिला र पुरूषलाई समान महत्व र योगदानलाई खुल्ला हृदयले आत्मसाथ गराउनु लैङ्गिक अध्ययनको मूल उद्देश्य हो (पोखरेल, २०६०) । इतिहासलाई हेर्ने हो भने अठारौ शताब्दीमा बेलायतमा थालिएको सुधार र पूर्वजागरणको प्रभाव पछि महिलालाई हेर्ने दृष्टिकोणमा भने केही परिवर्तन आएको पाइन्छ । त्यसै गरी ६० को दशकमा भएको महिला आन्दोलन देखिनै लैङ्गिक अध्ययनको आरम्भ भएको हो तर पनि महिला सम्बन्धी खासै पुस्तक लेख, रचनाहरू भने प्रकाशित भएका थिएनन् । सन् १९४९ मा फ्रान्सिस लेखिका "Simon" को "The Second Sex" नामक पुस्तक प्रकाशित भयो । जसमा नारित्व सम्बन्धी पुराना चिन्तनका विरूद्ध वर्णन गरिएको पाइन्छ । वास्तवमा यस पुस्तकलाई नै महिलाका विषयमा लिखित प्रथम Academic Book मान्न सकिन्छ । सन् 1962 मा "Betty Friden" को "The feminine mystique" प्रकाशित भयो जसमा तत्कालिन समाजमा व्याप्त रहेका महिला अधिनतालाई राम्रोसँग चित्रण गरिएको थियो । जसले नविन हलचल नै मच्चियो साथै उक्त पुस्तकले महिलावादी आन्दोलनको महत्वपूर्ण जग बन्न पुग्यो । त्यसले गर्दा घरभित्र गुम्सिएर रहेका महिलाहरूलाई घरबाहिर आएर आफ्नो अधिकारको लागि लड्नको लागि प्रोत्साहन समेत पुग्यो । जसको सन्दर्भमा विभिन्न किसिमका महिलावादी सिद्धान्तको विकास भयो (पोखरेल, २०६०) ।

### २.१.२ महिलावादी सिद्धान्त

महिलावादी सिद्धान्तले महिला र पुरूषको समाजमा हुने हैसियत र स्थानबारे व्याख्या र विश्लेषण गर्दछ । मानव समाज र संस्कृतिको उत्पत्तिदेखि वर्तमान अवस्थासम्म महिला सम्बन्धमा भएका सामाजिक, आर्थिक सांस्कृतिक असमानताहरू पुरूषबाट महिलामाथि हुने शोषण, दमन र उत्पीडन, राज्यद्वारा अवलम्बन गरिएका कानुनी व्यवस्था र प्रदान गरिएका अधिकार त्यसको सामाजिक प्रभावका बारेमा व्याख्या र विश्लेषण गर्दछ । सोही सन्दर्भमा 'स्हेमी ज्याम्सन' भन्छन् : महिलावादी सामाजिक सिद्धान्त महिला र पुरूषबीचको आधारभूत असमानताहरूको सुझबुझ र महिला उपरको पुरूष सत्ता र शक्तिको विश्लेषणसँगै सम्बन्धित छ । नारीवादी सिद्धान्त यस्तो सिद्धान्त हो जसले महिला र पुरूषको स्थान र भूमिकामा सांस्कृतिक रूपले स्थापित संस्थागत प्रक्रियाको अध्ययन गर्दछ । मुलतः महिलावादी सिद्धान्तले महिलामाथि हुने पुरूषको प्रभुत्व भनेको कुनै विशिष्ट समाजमा सामाजिक, आर्थिक, राजनैतिक व्यवस्थाबाट सिर्जना हुने सामाजिक तथ्य हो भन्ने कुरा उजागर गर्दछ । महिला र पुरूषको लैङ्गिक भूमिकाको व्याख्या गर्ने क्रममा प्रतिपादित विधि हो । महिलावादी सामाजिक सिद्धान्तका मुख्य मान्यता निम्न छन् :

क) महिलाको पराधिनमा र उत्पीडनको आधार स्वयम् समाज हो ।

ख) माहिलामाथि हुने विभेद प्रकृति प्रदत्त नभइ सामाजिक हुन्छ ।

ग) आर्थिक सामाजिक, राजनैतिक व्यवस्थाको परिवर्तनसँगै महिला माथिको दमन र उत्पीडनमा परिवर्तन हुँदै आएको छ ।

घ) नारीवाद सिद्धान्तहरू वैचारिक आन्दोलनका उपाय हुन् जुन मार्क्सवादी विचारसँग नजिक छन् । महिलामाथि हुने सामाजिक उत्पीडन पुरूष दमन, महिलामुक्ति आन्दोलन, राज्यका नीति नियम कानुन महिला स्वतन्त्रता जस्ता महिलाहरूको बहुआयामिक पक्षसँग सम्बन्धित विषयवस्तुहरूको व्याख्या गर्ने विचार गर्ने र अवधारणाहरूको विकास भएको छ ।

## २.२ पूर्व अध्ययनको समीक्षा

नेपालमा बसोबास गर्ने मुस्लिमहरू विभिन्न अध्ययनकर्ता, विद्यार्थीहरू र अनुसन्धानकर्ताहरूको विषयवस्तु बनेका छन् ।

कास्की रुपाकोटका मुस्लिम समुदायमा रहेका बालबालिकाको शैक्षिक अवस्थामा केन्द्रित रहेर किशोर भुजेलले आफ्नो शिक्षा शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको लागि 'विद्यालयमा मुस्लिम बालबालिकाको शैक्षिक सहभागिता' शीर्षकको शोधपत्र तयार पारेका छन् । विशेष गरी विद्यालय तहमा मुस्लिम समुदायका विद्यार्थीको शैक्षिक सहभागितामा आधारित भएर पारिएको यस शोधपत्रमा परिवारको अशिक्षा, गरिबी, संस्कृति धर्म आदि कारणले बालबालिकाले आफुलाई निरन्तर विद्यालयमा उपस्थि गराउन नसकेको निष्कर्ष प्रस्तुत गरेका छन् । यो अवस्था सिर्जना गर्नका लागि परिवारको कमजोर आर्थिक अवस्था नै प्रमुख कारणका रूपमा यहाँको बालबालिकाको शिक्षाको पहुँचको विषयलाई गम्भीरतापूर्वक उठान गरेका छन् । यस समुदायका बालबालिकाको शैक्षिक सहभागिता मार्फत शैक्षिक उपलब्धी हासिल गर्न अपनाउन सकिने उपाय पनि यस अध्ययनले पेश गरेको छ । शैक्षिक विषयलाई केन्द्रमा राखेको यसलाई अध्ययन गरिएको छ ।

कास्की जिल्लाको पोखरा मियापाटनमा रहेका मुस्लिम समुदायको बारेमा शोधकार्य भएको छ । उक्त समुदायको बारेमा नेपाल प्रकाश अधिकारीले आफ्नो शोधपत्रमा पोखरा मियापाटन स्थित मुस्लिम समुदायको सामाजिक एवम् सास्कृतिक अवस्थाको बारेमा अध्ययन तयार पारेका छन् । त्यस्तै गरी 'मुसलमान महिलाहरूको सामाजिक अवस्था' शीर्षक शोधपत्रमा वासुदेव अधिकारीले मियापाटनका मुस्लिम नारीहरूको बारेमा अध्ययन गरेका छन् । सामाजिक एवम् सांस्कृतिक अवस्थाका बारेमा शोध केन्द्रित रहेको छ । समय सापेक्ष सामजिक र सांस्कृतिक अवस्थिति पनि परिवर्तन हुदै गएको छ भन्ने निष्कर्ष निकालिएको छ ।

सावित्रि बरालले सन् २०१३ मा रुपाकोट मियागाउँका जनतामा कुकुरको टोकाइको प्राथमिक उपचारमा केन्द्रित भएर 'Knowladge regarding first aid management of dog bite in community people of Kaski district' शीर्षकमा एक अध्ययन गरिएको छ । यस अध्ययनमा १५ वर्षभन्दा माथिका मानिसमा कुकुरको टोकाइ बारेमा धारणा ज्ञान र त्यसको प्राथमिक उपचार व्यवस्थापनका बारेमा मियागाउँका मानिसहरूको स्वस्थ्यको ज्ञानको बारेमा विश्लेषण गरिएको छ । स्वास्थ्यको आधारहभूत ज्ञानका रूपमा रहने प्राथमिक उपचार र त्यसमा पनि ग्रामीण क्षेत्रमा समस्याका रूपमा रहेको यस अध्ययनले स्वास्थ्य क्षेत्रको सचेतनाका बारेमा निकै स्तरीय विश्लेषण गरेको छ । नर्सिङ्को स्नातक तह

(Bachelor in Nursing: BN)को आंशिक प्रयोजनका लागि तयार पारिएको सो अध्ययन पत्र स्वास्थ्य क्षेत्रमा केन्द्रित छ ।

तुलसीराम वैद्य, त्रिरत्न मानन्धर एवम् शंकर लाल जोशीका संयुक्त प्रयासमा प्रकाशित पुस्तक ‘सोसियल हिस्ट्री अफ नेपालक’ नामक पुस्तकमा नेपालका विविध जातिका बारेमा पनि उल्लेख गरेका छन् । उनीहरूको आगमन, वंशावलीमा उल्लेख भए अनुसार रत्नमल्लको पालामा भएको थियो । उक्त पुस्तकमा त्यति बेला मुस्लिमहरूले काठमाडौंको मुटुमा ‘राखी’ बजारसमेत बनाएका साथै मुसलमानहरू चुरा र श्रंगारका सामग्रीको व्यापार गर्ने रूपमा चिनिएका थिए भन्ने लेखिएको छ (वैद्य, मानन्धर र जोशी, १९९३) ।

‘द राइट्स अफ बुमनइन इस्लाम’ नामक पुस्तकमा अस्गर अलि इन्जिनियरले इस्लामहरू इस्लाभिक धर्म कुरान सरिफ अनुसारको नियममा चलेका हुन्छन् भनी उल्लेख गरेका छन् । यस पुस्तकले इस्लाम धर्मले महिलाहरूलाई पुरुष सरह समान अधिकार सम्पत्तिको अधिकार, वंशपरम्पराको अधिकार आदि उल्लेख गरेका छन् (इन्जिनियर अलि अस्गर, १९९२) ।

शर्मा (२०६४) ले स्याङ्जा पुतलीबजार नगरपालिका ९ सतौं गहतेमा रहेका मुसलमान जातिको सामाजिक आर्थिक अवस्था नामक शोध पत्रमा अध्ययनगर्दा नेपालमा विविध जातजाति, भाषाभाषी र संस्कृति भए पनि अनेकतामा एकता भएको छ । नेपालका विविध जातिमध्ये मुलसमान पनि आफ्नै किसिमको महत्व बोकेको जाति हो ।

श्रेष्ठ (२०६४) ले मियापाटन पोखराका विवाहित मुस्लिम महिलाहरूको गर्भपतन र परिवार नियोजन बारेमा दृष्टिकोण भन्ने एक अध्ययनमा मियापाटन पोखरामा मुस्लिमहरूमा संस्कृतिकरण भएको र गैर मुस्लिम समुदायको छाप पर्दै गएको कुरा आफ्नो अध्ययनमा जनाएकी छन् ।

गुरुङ्ग (२०६०) ले मियापाटन पोखराका मुसलमानहरूको ऐतिहासिक अध्ययन गर्दा मुस्लिम धर्म मान्ने धर्मावलम्बीहरू मुसलमान भएको र उनीहरूको धर्म अरू धर्मको तुलनामा कठोर भएको बताएका छन् ।

बराल (२०६४) ले तनहुँ जिल्ला अन्तर्गत सतिस्वारा गा.वि.स. का मुसलमानहरूको ऐतिहासिक सामाजिक तथा आर्थिक अवस्था एक अध्ययनमा नेपालमा पृथक पृथक

जातजाति र धर्महरू भए पनि यिनीहरूमा वैमनस्यता नभएको र धार्मिक सहिष्णुता भएको जनाउँदै नेपाल ४ जात ३६ वर्णको फुलबारमा एउटा फुल मुसलमानहरू भएको दाबी गरेका छन् । साथै राष्ट्र निर्माण तथा राष्ट्रिय संस्कृति निर्माणमा समान कर्तव्य निर्वाह गर्दै आएका मुसलमान जातिहरू आफ्नो धर्म संस्कृतिको तथा इस्लामिक जीवनशैली अनुसारको प्रारम्भिक ज्ञान दिन लेख्न पढ्न सिकाउन आफ्नै स्कुल मदरसा स्थापना गरे तापनि शिक्षा र अरू क्षेत्रमा पिछडिएका र सरकारी निजामति सेवामा कार्यरत कर्मचारी अति नै न्यून रहेका र वैदेशिक रोजगारीमा संलग्न भएका परम्परावादी रूढीवादिताले अन्धविश्वासी र धार्मिक कट्टरपन रहेको र महिलाहरू अरू जातिको तुलनामा अति नै पिछडिएका यस अध्ययनमा बताइएको छ ।

"सबै जातको फूलबारी" भन्ने चर्चित पुस्तकमा नेपालका अग्रणी मानवशास्त्री डोरबहादुर विस्टले "हामी मुसलमान" शीर्षकमा नेपालका मुसलमान जातिको नेपाल आगमन बसोबास, भाषा, धर्म, थर, संस्कृति, खानपिन, भेषभूषा, रीतिरिवाज परम्परा, रहनसहन मुसलमानहरूका चाडपर्व र सामाजिक जाति पनि एउटा फूल हो भनी उल्लेख गरेका छन् (विष्ट, २००२ ) ।

जिल्ला विकास समितिको कार्यालय सूचना तथा अभिलेख केन्द्र स्याङ्जाबाट प्रकाशित "स्याङ्जा जिल्ला एक चिनारी २०६४" तथा जिल्ला विकास योजना २०६२/२०६३ अनुसार स्याङ्जा जिल्लामा मुसलमान जातिको जनसंख्या १८३५ र इस्लाम धर्मावलम्बीको प्रतिशत ०.५८ रहेको तर मुसलमान जातिहरूको ऐतिहासिक सामाजिक र आर्थिक पक्षको बारेमा कहि कतै उल्लेख भएको पाइँदैन।

चेतना सिंह मेहताले मुसलमान महिलाहरूको इस्लामिक कानुन सरिफ अनुसार अति कठोर छ र स्वआर्जित पैतृक सम्पत्तिमा केही हक नलाग्ने बताएकी छिन् ।

समग्रमा माथि समीक्षा गरिएका साहित्यहरूले यस अध्ययनलाई धेरै प्रकारले सहयोग गरेका छन् । यिनीहरू मार्फत नेपालका विभिन्न क्षेत्रमा छरिएर रहेका मुस्लिमहरूको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक अवस्थालाई अध्ययन गर्ने मौका प्राप्त भएको छ ।

# अध्याय : तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धान क्षेत्र छनोटको औचित्य

यस अध्ययन क्षेत्र नेपालको गण्डकी अञ्चल कास्की जिल्ला अन्तर्गत रूपा गाउँपालिका वडा नं ६ तालवेशी मा पर्दछ । यहाँ बिभिन्न जातजाति गुरुङ्ग, ब्राह्मण, क्षेत्री, मुस्लिम, दलित जातिको बसोबास रहेको छ । यहाँ मुस्लिम समुदायहरूका मौलिक रहन सहन, चाल चलन, धार्मिकता र सामाजिकता देख्न सकिन्छ । यस क्षेत्रमा बसोबास गर्ने मुस्मिलमहरूमा महिलाको अवस्था अन्य जातिको तुलनामा कमजोर रहेको पाइन्छ । पोखरा लेखनाथ महानगरपालिकासँग जोडिएर पनि मोटरबाटो एवम् खानेपानी लगायतका अन्य सुविधाको दृष्टिले पिछडिएको अवस्थामा छ । अनुसन्धान कर्ताको रूचिको क्षेत्र भएकाले साथै यसका बारेमा कम अध्ययन गरीएकाले अध्ययनका उद्धेश्यहरू सजिलै पुरा गर्नेसकिने भएकाले यस क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरीको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

यो अनुसन्धान विशुद्ध सामाजिक अनुसन्धान भएको हुनाले र अध्ययन क्षेत्रका मुस्लिमहरूको सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक र राजनैतिक अवस्थाको चित्रण गर्न यस अनुसन्धान ढाँचाको सवालमा मूलत : वर्णनात्मक अनुसन्धान ढाँचालाई प्रयोग गर्ने कोशिस गरिएको छ । मुस्लिम समुदायका महिलाहरूको स्थितिको उजागर गर्न अन्वेषणात्मक विधिको प्रयोग गरिएको छ । यसप्रकार यो अध्ययन वर्णनात्मक र अन्वेषणात्मक दुवै अध्ययन ढाँचामा आधारित छ ।

## ३.३ समग्र र नमुना छनोट

यस अध्ययनलाई प्रभावकारी बनाउन तालवेशीमा रहेका मुस्लिम जातीका ५० घरधुरीलाई समग्र मानि प्रत्येक घरधुरीको एक जनालाई छनोट गर्ने गरी नमुना छनोट विधिबाट ३० वटा घरधुरी छनोट गरीएको छ । जसमा प्रत्येक घरका अग्रज महिलाहरुको समूहवाट प्रतिनिधित्व हुने गरी नमुना छनोटका रुपमा ३० जनालाई छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्को स्रोत र प्रकृति

रूपा गाउँपालिका वडा नं. ६ को तालवेशीका सम्पूर्ण मुस्लिम परिवारमा महिलाको विवाह, शिक्षा, स्वास्थ्य, पारिवारीक जीवनको अध्ययन गरिने हुदा तथ्यपरक अध्ययनको लागि तथ्याङ्कको महत्वपूर्ण भूमिका रहन्छ । तसर्थ तथ्याङ्क सङ्कलन गर्दा प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत अन्तरवार्ता अनुसूचीमा ३० जना उत्तरदातार वैयक्तिक अध्ययनको प्रयोग गरी तथ्याङ्कलाई सत्यको निकट बनाई विश्वसनीय तुल्याइएको छ । यो स्रोत बढी वैज्ञानिक र विश्वसनिय हुने हुदा अनुसन्धानका लागि अति उपयोगी छ ।

### ३.४.२ द्वितीय स्रोत

अनुसन्धान प्रक्रियालाई अगाडि बढाउन द्वितीय स्रोत पनि अति उपयोगी हुने गर्दछ । विभिन्न व्यक्तिका लेख, रचना, समाजशास्त्रीय खोज बुलेटिन लगायतका विभिन्न प्रकाशित अप्रकाशित पुस्तकको समेत  सहायता लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलनका विधि

जुनसुकै अनुसन्धानलाई प्रभावकारी बनाई वैज्ञानिक ढङ्गले सम्पन्न गर्नको लागि विभिन्न विधिहरू अपनाइन्छ । जसका सहायताले अनुसन्धानका आवश्यक पर्ने तथ्याङ्कहरूको वास्तविकता र विश्वसनियता प्राप्त हुन्छ । यसरी अवलम्बन गरिएका विधिहरूले सम्पूर्ण शोधकर्ताहरूलाई निर्देशित गर्दछ । यस अनुसन्धानलाई प्रभावकारी बनाउन निम्ननुसारका विधिहरू प्रयोग गरिएको छ ।

### ३.५.१ अवलोकन विधि

अनुसन्धानको लागि तथ्याङ्क संकलन गर्ने विभिन्न विधिहरू मध्ये अवलोकन विधि पनि एक महत्त्वपूर्ण विधि मानिन्छ । यस विधिलाई प्रयोग गरेर अनुसन्धान गर्दा वास्तविकताको नजिक पुग्न सकिन्छ ।  प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अनुसन्धान क्षेत्रको अवलोकन गरी तथ्याङ्क तथा विवरणहरू सङ्कलन गरिएको छ । यस अनुसन्धानको

क्रममा मुस्लिम समुदायका महिलाहरूको सामाजिक, पारिवारीक र शैक्षिक पक्षको अवलोकन गरिएको छ ।

### ३.५.२ अन्तर्वार्ता अनुसूची

यस अध्ययनलाई आवश्यक पर्ने प्राथमिक तथ्याङ्कहरू जुटाउनका लागि एउटा अन्तर्वार्ता अनुसूची तयार गरि ३० जना सँग अन्तर्वार्ता गरिएको छ । यस अन्तरर्वाता अनुसूचीमा खुल्ला र बन्द दुबै खालका प्रश्नहरू समाविष्ट  गरिएको छ । यसरी अन्तर्वार्ता लिदा अन्तर्वार्ता अनुसूची निर्माण गरी अत्यन्त सहज वातारणका बिच तथ्यलाई संकलन गरिएको छ ।

### ३.५.३ वैयक्तिक अध्ययन

अध्ययनको क्षेत्र महिलाहरूको पारिवारिक, वैवाहिक र शिक्षा सँग सम्बन्धित भएकाले वैयक्तिक अध्ययन विधिलाई प्रमुख अध्ययन विधिको रुपमा लिइएको छ । रुपा गाउँपालिका वडा नं. ६ तालवेसीमा वसोवास गर्ने मुसलमानका ५० घरधुरीका ३० जना व्यक्तिहरुको विचार धारा उनीहरुको भोगाइ सिकाइ र भनाईलाई मुख्य स्रोतको रुपमा ग्रहण गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुति करण

विभिन्न विधिबाट संकलन गरिएका तथ्यहरुलाई सावधानी पूर्वक विश्लेषण गरेर अध्ययन प्रतिवेदनको लागि निर्धारित ढाँचा अनुसार प्रस्तुत गरिएको छ । तथ्य विश्लेषणको क्रममा मुस्लिम समुदायमा महिलाको अवस्थालाई आधार मानेर वैयक्तिक अध्ययन विधिमा आफ्नो र आफ्ना परिवारको विषय मुस्लिम धर्मको बचावटका विषयमा र आफ्नो समुदायका नराम्रा पक्षहरु भन्दा पनि राम्रा र सकारात्मक कुराहरुको वारेमा एवम् अन्तरर्वार्ताका क्रममा समेत मुस्लिम समाज र संस्कृतिमा महिलाको अवस्था कस्ता छ भनि इस्लामको धर्मअनुसार समेत अन्तर्वार्ताको क्रममा तथ्य प्राप्त आएकोमा द्वितीय श्रोतबाट प्राप्त तथ्यहरु समेत धार्मिक जातिय आग्रह र पूर्वाग्रह पूर्ण समेत भएकोमा प्रत्यक्ष र वास्तविक तथ्यहरुलाई मात्र उपयोगमा ल्याइएको वा प्राप्त तथ्यलाई तुलना र परीक्षण गरेर मात्र तथ्यको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

# अध्याय : चार

# अध्ययन क्षेत्रको परिचय

प्रस्तुत अध्ययन नेपालको गण्डकी प्रदेश प्रदेश नं. ४ अन्तर्गतको कास्की जिल्लाको रूपा गाउँपालिका वडा नं. ६ तालवेशीमा  बसोबास गर्ने मुस्लिम समुदायको बारेमा तयार पारिएको छ । यस तालेबेशी गाउँमा रहेका ३० घर परिवारमा तथ्याङ्क केन्द्रित गरी यो समुदायको सामाजिक पारिवारीक र आर्थिक अवस्थाको चित्रण गर्ने प्रयास यस अध्ययनमा गरिएको छ ।

## ४.१ अध्ययन क्षेत्रको सामान्य परिचय

नेपालको प्रदेश नं. ४ कास्की जिल्लाको रूपागाउँपालिकामा पर्ने यस तालवेशी गाउँ आफैमा एक सुन्दर ठाउँ हो । रूपातालको काखमा रहेको यस गाउँमा ब्राह्मण, क्षेत्री, गुरूङ जस्ता जातजातिको बसोबास भएको ठाउँमा मुस्लिम जाती पनि बसोबास  गर्दै आएका छन्, यिनै रूपागाउँ पालिका वडा नं. ६ तालवेशीमा बसोबास गर्दै आएका मुस्लिम समुदायमा यो अध्ययन केन्द्रित छ ।कास्की जिल्लामा एक महानगर पालिका र चारवटा गाउँपालिका  गरी कुल पाँच स्थानीय तह रहेका छन् । जसमध्ये पोखरा महानगरपालिका अन्नपूर्ण गाउँपालिका माछापुच्छ्रे गाउँपालिका, मादी गाउँपालिका २ रूपागाउँपालिका रहेका छन् । ती पाँच स्थानीय तहमध्ये रूपा गाउँपालिका क्षेत्रका हिसाबले सबैभन्दा सानो गाउँपालिका हो । कास्की जिल्लाका दक्षिण पूर्वी भेगमा फैलिएर रहेको यो गाउँपालिका अत्यन्तै सुन्दर अवस्थितिका माझ रहेको छ ।

साबिक हंसपुर, थुक्की, रूपाकोट, सिद्ध र देउराली गरी पाँच गा.वि.स. लाई मिलाएर यो गाउँपालिका निर्माण गरिएको छ । आ-आफ्नै विशेषता रहेका यी ठाउँहरूको सामाजिक , सास्कृतिक, शैक्षिक एवम् राजनैतिक महत्व पनि निकै उच्च छ । जैविक विविधताले भरिपूर्ण यो क्षेत्र सांस्कृतिक हिसाबले पनि निकै धनी छ । यस गाउँपालिकाको कूल जनसंख्या १४५२६ रहेको छ (राष्ट्रिय जनगणना, २०६८) ।

रूपाताल, स्याकलुङकोट, चिसापानी आदि प्रमुख प्राकृतिक स्रोत एवम् पर्यटकीय स्थल रहेको यस गाउँपालिकामा हालसालै खोलिएको रूपाकोट रिसोर्ट एक आकर्षणको स्रोत

बनेर थपिएको छ । पृथ्वी राजमार्गको निर्माण अगावै पोखरा र पोखरादेखि पश्चिमका मानिसहरू देउराली हुदै सिसाघाट भएर काठमाडौं जाने गर्दथे । यसले पनि यो क्षेत्रको प्राचिन व्यापारिक एवम् पैदल यात्राको महत्व झल्काउछ। कास्की जिल्लाको हिमाली बाहेक पहाडी भेगमा पाइने प्रमुख जैविक विविधता यस गाउँपालिकामा पनि पाइन्छ ।
सांस्कृतिक हिसावले यहाँका विविध जातजातिले निर्माण गरेको मौलिक संस्कृति कास्की जिल्ला भरि नै प्रख्यात छ । सामान्यतया हावापानी, पर्यटन र संस्कृतिका हिसाबले कास्की जिल्लाका विशेषता नै यस गाउँपालिकाका विशेषता हुन् ।

समुद्री सतहवाट ६०० मिटर उचाइदेखि १३०० मिटरको उचाइसम्म फैलिएको यो गाउँपालिकामा पहाडी इलाकामा पाइने हावापानी र जैविक उत्पादनहरू प्राप्त हुन्छन् । कफी सुन्तला, माछापालन, वाखापालन, कुखुरापालन, खतीपाती, वन पैदावर, पर्यटन लगायतका मुख्य व्यवसायमा मानिसहरू संलग्न छन् । नजिकै रहेको पोखरा सहरमा बसेर व्यापार गर्नेहरू पनि छन् । साथै वैदेशिक रोजगार र सरकारी, ग्रैह्र सरकारी निकाय एवम् नीजि संस्थाहरूमा जागिर गर्ने कार्य पनि यस गाउँपालिकाका मानिसहरूको आम्दानीको अर्को स्रोत हो । यस क्षेत्रका सम्भावना भनेका पनि कृषि, पर्यटन, पशुपालन, जलविद्युत, वन पैदावर नै हुन् ।

## ४.१.१ तालवेशी गाउँको एक परिचय

रूपा गाउँपालिका वडा नं. ६ मा पर्ने तालवेशी गाउँ एक सांस्कृतिक गाउँ हो । ब्राह्मण क्षेत्री, गुरूङ्ग र मुस्लिम रहेको यस गाउँमा सबै जातजातिमा मेलमिलाप रहेको छ । आफ्नो छुट्टै संस्कृति वोकेको मुस्लिमहरू भिरचोक बाट बसाइसरेर तालवेशीमा आएको देखिन्छ । पक्की मोटरवाटोको सुविधा भएको यस गाउँमा सुन्दर रूपाताल पनि रहेको छ । मुख्यतः यहाँको मानिसको प्रमुख पेशा भनेको कृषि नै रहेको छ । यहाँको फाटमा धान, मकै, गहु, आलु, केराउ आदि जस्ता वाली लगाइन्छ । फलफुलमा सुन्तला, ज्यामिर, नास्पती भुइकटहर, रूखकटहरहरू फल्ने गर्दछन् । कोही कोही मानिसहरू कुखुरापालन बङ्गुर पालन तथा वाखा पालन पनि गर्दछन् । शिक्षाको लागि यहाँका बालबालिका नजिकै रहेको रूपा ज्योती मा.वि मा जाने गर्दछन् भने कोही कोही बालबालिका वेगनाशतालमा रहेको डायमण्ड वोडिङ्ग स्कुलमा स्कूल वस मार्फत जाने गर्दछन् । यस गाउँमा स्वास्थ्यको पनि सुविधा रहेको छ । महिनमा प्रत्येक २० गते गाउँघर क्लिनिकमा स्वास्थ्य स्वयम सेविका

डक्टरहरू आएर स्वास्थ्य सम्बन्धी सेवा सुविधा दिने गर्दछन् । धार्मिक हिसावले पनि यो गाउँ सम्पन्न मानिन्छ । तालवेशी खोलाको आडमै देवीको मन्दिर पनि रहेको छ ।

### ४.१.२ जनसंख्या

कुनै पनि निश्चित ठाँउभित्र निश्चित समयमा बसोबास गर्ने मानिसहरूको संख्यालाई जनसंख्या भनिन्छ । जनसंख्या नै कुनै पनि क्षेत्रका सामाजिक साँस्कृतिक, आर्थिक, राजनीतिक एवम् अन्य विविध गतिविधिको प्रमुख आधार हो जनसंख्या र यसको विविधताले नै समाजका यी विविध पक्षलाई प्रभाव पार्ने गर्दछन् । यस अध्ययनमा पनि महिलाका शिक्षा, विवाह र पारिवारिक पक्षलाई विशेष ध्यानमा राखिएको छ । प्रस्तुत अध्ययनमा तालवेशीँ गाँउमा जम्मा १०६ घरधुरी रहेको छ जसमा कुल जनसंख्या ५३० मा पुरुषको जनसंख्या २६० र महिलाको जनसंख्या २७० रहेको छ ।

**तालिका १ : उत्तरदाताको जनसंख्याको स्थिति**

| उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|
| २५-३५ | ६ | १२ |
| ३५-४५ | ५ | १६.६ |
| ४५-५५ | ८ | ३६ |
| ५५-६५ | ५ | १६.६ |
| ६५-७५ | ६ | २० |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन,२०७५

उत्तरदाताको जनसंख्याको हिसावले विश्लेषण गर्दा २५-३५ वर्ष उमेर भएका महिलाहरू १२ प्रतिशत, ३५-४५ वर्ष उमेर भएका १६.६प्रतिशत, ४५-५५ वर्ष भएका महिलाहरू ३६प्रतिशत, छ भने ५५-६५ वर्ष चएका महिलाहरू१६.६प्रतिशत, र ६५-७५ वर्ष उमेरका  भएका महिलाहरू महिलाहरू२० प्रतिशत रहेका छन् ।

### ४.१.३ पेशा

जीवन निर्वाहका लागि जुन काम व्यक्ति वा परिवारले निरन्तर रूपमा अपनाउदै आएको हुन्छ त्यो नै पेशा हो । समयको प्रवाह संगसंगै हरेक समुदायमा मानिसहरूको जिवनशैली परिवर्तन हुदै जान्छ । यस तालवेशी गाँउका मानिसहरूको मुख्य पेशा कृषि नै हो ।

यहाँका मानिसहरू पशुपालनका साथ साथै खेतीपातीमा पनि आवद्ध छन । कोही व्यापार गर्छन भने कतिपय वैदेशिक रोजगारीका लागि विदेश पनि गएका छन । कतिपय युवाहरू विदेश गएर आफ्नै गाँउमा व्यवसायिक रूपमा कृषि पेशालाई अगांलेका छन । कसैले कुखुरा पालन गरेका छन, कसैले बंगुर पालन गरेका छन भने कोहीले च्याउ खेति पनि गरेका छन । समग्रमा हेर्दा यस गाँउका मानिसहरूका मुख्य पेशा भनेको नै कृषि रहेको छन ।

**वैयक्तिक अध्ययन १ का**अनुसार यस स्थानका मुसलमान युवाहरुको रोजगारीको गन्तव्य नै विदेश भएको बताउदछिन । कुनै व्यवसाय गरौ सम्पत्ती छैन जागिर खान योग्यता पुग्दैन कृषि पेशाले खान पुग्दैन अनि विदेश नगएर कहाँ जाने भन्दै उनि आफ्नो समुदायको बैदेशिक रोजगारीको लहरलाई रोक्न सरकारले राम्रो र प्रभावकारी निती तथा कार्यक्रम ल्याउनु पर्दछ जुन हामी युवाहरुलाई यही टिकाइ राख्ने खालको हुनु पर्दछ आफ्नो ठाँउको माया त लाग्दछ यही बसौं केही गरौं र यस सुन्दर गाउँलाई अझ बढि सुन्दर बनाउँ भन्दा पनि परिस्थितीले विदेश नगइ हुदैन भन्दै विदेश जानुको प्रमुख कारण आर्थिक प्रगति र परिवारको समुन्नती नै हो अरु कुनै ठुलो अभिलासा छैन आखिर दुख गर्न नै जाने हो उनले मदरसाको शिक्षा समेत बढि गुणस्तरीय हुने भन्दै मदरसामा धर्म संस्कार संस्कृति अनुशासन र सामाजिक क्रियाकलाप सिकाउने पाठशाला भएको हुदाँ यसले सामाजिक सद्भाव बढाउने कार्यमा सहयोग पुऱ्याउने कुरामा उनि विश्वस्त देखिन्छन र यसको महत्व ठुलो रहेको बताउदछन् ।

कृषि पेशा नै प्रमुख पेशा रहेको यस समुदायमा आधुनिक प्रविधीबाट कृषि पेशा गर्ने परम्पराको विकास हुन थालेको पाइन्छ । जसमा **वैयक्तिक अध्ययन नं. २७**(वर्ष ४१) मा आफुले विगत सात वर्ष देखी यही गाविसमा संचालित साथ फलफुल तथा तरकारी सहकारी सस्था र जिल्ला कृषि विकास कार्यालय र गा.वि.स.को सहयोगमा व्यवसायीक

गोलभेडा खेती संचालन गरेको र त्यसैबाट आफ्नो जिवन यापन गर्न सहज भएको बताउदछन । जसबाट यस गाउँमा पनि केही सकरात्मक सुधारका कदमहरु चाल्न थालेको बताउँदछन । यस गाउँमा मोटर बाटो शिक्षा दिक्षा र अन्य यावत कुराहरु लगाएत अन्य धेरै सुधारका प्रयासहरु समेत भएको बताए । आफुले शुरुमा ५ वटा प्लास्टीक घरमा गोलभेडा खेती (टनेला) को शुरुवात गरेको र हालसम्म जम्मा जम्मी २४ वटा टनेलामा गोलभेडा खेती गरिरहेको जसबाट वार्षिक करिब १० हजार के.जि. टमाटर उत्पादन गरि त्यसको विक्रिका लागि वेगनासताल, पोखरा लगेर विक्रि गर्ने गरेको साथै त्यसलाइ विक्रि गर्ने समेत गाउमा यातायात संचालन भएको कारण समस्या नभएको बताए आफुले र श्रीमानले त्यही व्यवसायबाट रोजगारी समेत मिलेको हुदाँ रोजगारीका लागि विदेशतिर भौतारिन नपरेको बताए ।

**वैयक्तिक अध्ययन नं. १८** (वर्ष ६३ का कृषक) मा बताए अनुसार उनी पनि समय र परिस्थिती अनुसार आफ्नो पेशा व्यवसाय परिर्वतन गरेको बताउँदछन उनले आफु सामाजीक सेवा र विकास निर्माणको काममा सक्रिय रहेको बताउने उनीले घरमा एकहल गोरु पालेको, भैसी, बाखा पालेको र कृषि कार्य गरेको बताउने उनि आजकल भने आफुले घरमा मौरी पालन समेत शुरु गरेको घाँस पानी गर्न नपर्ने आफै चर्ने र उत्पादन दिने पाल्न सजिलो हुने भन्दै ठट्यौली भाषामा मौरी पालन सजिलो र आम्दानीका दृष्टिले पनि लाभ हुने । जिल्ला विकास समितिकास्कीको गरिवसँग साक्षत्कार नामक कार्यक्रम अर्न्तगत शुरुमा घार सहित मौरी निशुल्क प्राप्त गरेको र हाल १० वटा मौरी घार बनाएको र यसलाइ अझै विस्तार गर्ने वताए । अब बुढेसकाल लाग्यो खेति किसान गर्न नसकिने भएपनि मौरीपाल्न भने सकिने वताए ।

### ४.१.४ धार्मिक स्थल तथा पर्यटन

यस तालवेशी गाँउमा विभिन्न जात जातिहरू मिलेर एउटै समुदायमा बसोबास गर्दै आएका छन । ब्रामण, क्षेत्री, गुरूङ्ग, मुस्लिम, दलित जस्ता मानिसहरूको यस गाँउमा बसोबास रहेको छ । धार्मिक हिसावले यस गाँउमा दुई वटा मन्दिर रहेका छन । एउटा देवीको मन्दिर रहेको छ भने एउटा महादेवको मन्दिर रहेको छ ।

पर्यटकिय हिसावले यो गाँउलाई अत्यन्तै रमणीय मानिन्छ । यस गाँउमा सुन्दर रूपाताल रहेको छ यस काललाई हेर्नका लागि देश विदेशबाट मानिसहरू आउने गर्दछन । यस गाँउमा जानको लागि बेगनासतालबाट पक्कि बाटोको निर्माण भएको छ । यस गाँउमा जाने बाटोमा सुन्दरी डाँडाँ पर्दछ, जहाँबाट बेगनासताल र रूपाताल दुई वटै ताल देख्न सकिन्छ । जहाँ आन्तरीक तथा वाह्य पर्यटक प्रसस्तै देख्न सकिन्छ ।

## ४.२ सांस्कृतिक पक्ष

### ४.२.१ अजान (जन्मदिन)

बच्चा जन्मेको केही वेरमै धार्मिक गुरुद्वारा बच्चाको कानमा इलोक पढेर सुनाइने प्रथा नै अजान हो । केही यस प्रथामा बच्चाको कानमा बन्दुक पड्काइने गरिन्छ । बच्चा बहिरो नबनोस् भन्ने उद्देश्यले यसो गरिन्छ ।

### ४.२.२ बिलादत (नामकरण)

कुनै वाधा अड्चन आइ नपरेमा बच्चा जन्मेको छैटौं दिनमा बिलादत (नामकरण) गरिन्छ । इमामद्वारा प्रार्थना गरी उज्वल भविष्यको कामना गरी कुरान पाठ गरिन्छ । यस क्रममा भोज समेत लगाउने चलन छ ।

### ४.२.३ छठावन (अन्न प्राशन)

बच्चाको बुबाले वा अभिभावकले मन्त्र पाठ र प्राथना गरी बच्चालाई अन्न खुलाउने चलन यस समुदायमा पनि छ ।

### ४.२.४ सुन्नत वा खतना

सामान्यतया ५ वर्षमुनिका केटाहरूमा गरिने यो संस्कार निकै महत्त्वपूर्ण मानिन्छ । यस कार्यपछि नै केटा शुद्ध मुसलमान भएको मानिन्छ । मुस्लिम केटाहरूको लिङ्गको टुप्पोमा रहेको छालाको सानो भाग काटेर फाल्ने प्रकृया नै वास्तवमा सुन्नत वा खतना हो । यस समयमा इमामद्वारा प्रार्थना गरी हजामद्वारा लिङ्गको माथिल्लो भागको छाला काटेर फालिन्छ ।यो कार्य घरमै वा मस्जिदमा गरिन्छ ।

### ४.२.५ विस्मिल्लाह (विद्या आरम्भ)

विस्मील्लाह गर्ने कार्य सामान्यतया बच्चा ४/५ वर्ष उमेरको भएपछि गरिन्छ । हरेक बच्चालाई १० वर्षसम्म धार्मिक संस्कार पढाउने चलन यो समुदायमा छ ।

### ४.२.६ हकिका

आफूले गरेका सम्पूर्ण गल्तीबाट मुक्ति पाउन आत्मशुद्धीको लागि गरिन संस्कार नै हकिका हो । खसी वा वाखा हलाल गरी केश मुण्डन गरेर चादीदान गर्ने चलन यस संस्कारमा छ ।

### ४.२.७ निकाह (विवाह)

कुनै पनि मुस्लिम केटीसँग कुनै पनि दिनमा कुनै पनि केटाले विवाह गर्न सक्दछ । एउटै बाबुका भिन्ना भिन्नै आमाबाट जन्मेका दाजु बहिनीबिच समेत विवाह गर्न मिल्दछ । एउटै आमाको दुध खाएका बाहेक अन्य कुनै पनि मुस्लिम केटीसँगै मुसमान  केटाले विवाह गर्न मिल्छ । लोग्ने मानिसले चाहेमा  र मन पराएमा ४ वटीसम्म श्रीमती विवाह गर्न पाउने धार्मिक ग्रन्थ कुरानमा उल्लेख गरिएको छ । मागी विवाह प्राथमिकतामा रहेका यस समुदायमा प्रेम विवाह बढी नै पाइन्छ ।

### ४.२.८ तलाक (सम्बन्ध विच्छेद)

विवाह पश्चात केटाकेटीका बिचमा सुमधुर सम्बन्ध हुन नसकेमा तलाक दिने चलन छ । यसमा दुबै पक्ष स्वतन्त्र छन् । पुरुषले तीन पटकसम्म तलाक, तलाक, तलाक भनेपछि सम्बन्ध विच्छेद भएको मानिन्छ । सम्बन्ध सुधारका लागि चेतावनी स्वरुप एक वा दुई पटक तलाक भन्ने चलन पनि छ । तलाक गर्दा विवाहको समयमा छुट्याइएको निश्चित रकम श्रमतीलाई दिनुपर्दछ । तलाक दिएको तीन महिनासम्म श्रीमती गर्भवती भएको अवस्थालाई व्यहार्ने गरी श्रीमानले कुर्नु पर्ने र त्यसपछि मात्र अर्को विवाह गर्न पाउँछ ।

### ४.२.९ मृत्यु

कुनै व्यक्ति मरिसकेपछि लासलाई गाडिन्छ । वयरको पात हालेको मनतातो पानीले लास घोएर पुरुष भएमा नसिएको सेतो कपडाले एक पटक र महिला भएमा पाँचपटक वेरिन्छ । कुरान पढेर कोफिन (काठको वाकस) मा राखेर चिहानमा लगिन्छ र खाडल खनी

मौलवीद्वारा नमाज पढी लासलाई  पश्चिम मुख पारेर गेडागुडी कुरान पढ्दै छर्ने काम गरेपछि चोखिएको मानिन्छ ।

## ४.३ मुस्लिक समुदायको धार्मिक अवस्था

### ४.३.१ ईमान (कल्मा तैयावा वा पवित्र मन्त्र)

मुस्लिम समुदायमा यो मन्त्र निकै ठूलो मन्त्रको रूपमा मनिन्छ । हरेक व्यक्तिले यस मन्त्रलाई कण्ठस्थ बनाउनु पर्ने हुन्छ । यस मन्त्रलाई यिनीहरू अन्यन्त पवित्र मन्त्रका रूपमा लिने गर्दछन् । “ला इलाहा इल्लल्लाह मोहमम्मदुर रसुलुल्लाह” यो मन्त्रको अर्थ हुन्छ “संसारमा सृष्टिकर्ता एक अल्लाह मात्र हो र मोहमम्द सुलुल्लाह अलहैव सल्लाम उसको अन्तिम दुत हो ।”

### ४.३.२ नमाज कायम गर्नु (अल्लाहरूको प्राथना)

अल्लाहसँग गवाही दिनुको पहिलो प्रमाणका रूपमा नमाज पढ्ने कार्यलाई लिइन्छ । यो समुदायमा नमाज पढ्ने प्राथना र कुरानको अध्ययन अनिवार्य छ । दैनिक रूपमा अल्लाहप्रति कृतज्ञ रहेर प्राथना गर्नु नै नमाज हो । इवादतको वास्तविक अर्थ सेवा हो । हामी ईश्वरका अब्द (सेवक हो) इश्वर हाम्रा स्वामी भएकाले स्वामीको सेवाका लागि अनिवार्य कर्तव्यका रूपमा नमाज एक हो । प्रत्येक दिन पाँच पटक मुसलमानलाई नमाजको लागि बोलाइन्छ र हर काम केही वेरका लागि छोडेर इस्लामहरू अल्लाहको दरबारमा हाजिर भएर आफ्नो इमान ताजा राख्नुपर्छ ।

### ४.३.३ रोजा (कठोर व्रत)

रोजा एक महिलासम्म गरिने कठोर व्रत हो ।  रोजा हरेक मुसलमानका लागि अनिवार्य मानिन्छ । यो यति सम्म कठोर हुन्छ कि सुर्योदयदेखि सुर्यास्तसम्म पानी पनि नपिइकन इस्लामहरू व्रत बस्ने गर्छन । विहान उदाएदेखि नअस्ताउदासम्म खानपान र लोग्नेस्वास्नीको सम्बन्धलाई त्याग्नु नै रोजा हो । प्रत्येक बालिग मुस्लिमले बाह्रौ महिला पुरा व्रत लिनु अनिवार्य रहन्छ तर केही अवस्थामा भने यसलाई छोड्ने सकिने प्रावधान पनि छ ।

### ४.३.४ हज (तीर्थ यात्रा)

जीवनमा कम्तीमा एक पटक आफ्नै खर्चले हजका लागि मक्का जानुपर्ने अर्को प्रमुख कर्तव्यको रूपमा इस्लामहरू माझ रहि आएको छ। हजारौ वर्ष अगाडि हजरत इब्राहिमले अल्लाहको लागि एउटा घर बनाएको ठानिन्छ र त्यसलाई 'कावा' भनिन्छ। अल्लाहले उक्त घरहरूलाई मेरो घर भनेको मानिन्छ।

मुसलमानहरू संसारभरबाट जुनसुकै वर्ण, वर्ग या अन्य अवस्थाको होओस, कम्तीमा एकपटक जियारत वा तीर्थयात्रा गर्न साधारण पहिनमा समान रूपमा मक्कामा गई अल्लाह स्वरुप कालो ढुङ्गालाई चुम्बन गर्छन। यसरी हज गर्न आएकालाई हाजी भनिन्छ।

### ४.३.५ जकात (खास किसिमको दान)

इस्लामका अनिवार्य कर्मका रूपमा जकात पनि एक हो। धनीबाट निर्धनको सेवा गर्ने उत्तम तरिकाकोरूपमा जकातलाई लिइन्छ। आफ्नो कमाइको २.५ प्रतिशत अंश छुट्याउने र दीन दुःखीलाई दान गर्ने पवित्र कार्यका रूपमा यसलाई लिइन्छ। परम्परागत रूपमा ऊँट, भेडा, बाखा, भैँसी, राँगा, च्याङ्ग्रा, गाई, गोरु आदि दिने गरिएकोमा हाल आएर यो दान दिने तरिकामा पनि भिन्नता आइसकेको छ।

## ४.४ शैक्षिक स्थिति

शिक्षा चेतनाको संवाहक हो। शिक्षाको पहुँच जति सहज र सरल बन्दै गयो त्यति नै विभिन्न ज्ञान विज्ञानको लहर मानिसका जनजीवनमा उपस्थित हुन थाल्दछ। यसैका सहायताले मानिसले आफुलाई सभ्यता निर्माण र भौतिक सुखको मार्गमा अगाडि बढाउँछ। संसारमा शिक्षाको विकास समान किसिमले भएको पाइँदैन। जुनसुकै देशले पनि आफ्नो आवश्यकतालाई हेरेर मात्र शिक्षा प्रणालीलाई अपनाइएको पाइन्छ। नेपालको परम्परागत गुरूकुल शिक्षा, लिच्छविकालीन शिक्षा, मल्लकालीन शिक्षा, बाइसेचौविसे राज्यको शिक्षा एवम् नेपालको एकीकरण पश्चात राणाशासन आउनुपूर्वको शिक्षा प्रणाली नै प्राचीन शिक्षा प्रणाली हो। यस प्रणालीमा परम्परागत सामाजिक मूल्य मान्यता एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरित हुने परम्परा थियो। गुरूकुल शिक्षामा शिष्यहरू जङ्गल नजिक गुरूको कुटीमा गुरूको सेवा गरी ज्ञान आर्जन गर्दथे।

मुस्लिम समुदायमा शिक्षालाई खास प्राथमिकता दिने गरेको पाँइदैन । धार्मिक शिक्षा ग्रहण गरेपछि जीवनयापन गर्न पुग्ने विश्वास यस समुदायमा यद्यपि विद्यमान छ । तथापि हाल आएर आफ्ना सन्तानलाई औपाचारिक शिक्षाको अवसरबाट वञ्चित गर्न हुदैन भन्ने चेतनाको विस्तार हुदै गएको छ । यस धारणाको परिवर्तनले आजभोली यस समुदायका मानिसहरूले आफ्ना छोराछोरीलाई विद्यालय पठाउन थालेका छन् ।

विगतका तुलनामा मुस्लिम समुदायका बालबालिकाहरू विद्यालयमा वढी भर्ना हुने गरेका छन् । विगतमा भर्ना भए तापनि विद्यालयमा निरन्तरता हुदैनथ्यो तर आजकल विद्यालय उपस्थितिमा निरन्तरता पनि बढ्दै गएको छ । यस निरन्तरताले आजभोली एस.एल.सी परिक्षामा संलग्न हुने र उर्त्तीण हुने दरसमेत बढ्दै गएको छ । मुस्लिम समुदायमा महिला शिक्षालाई त्यति ध्यान नदिने गरिएकोमा हाल आएर त्यसमा पनि परिवर्तन देखा परेको छ । यसले लैङ्गिक समानताको अवस्था तर्फ विस्तारै यो समुदाय प्रवेश गरेको सङ्केत गर्दछ ।

यसका साथमा मुस्लिम समुदायमा बधुशिक्षा (बुहारी शिक्षा) मा त्यति जोड दिइएको पाइदैन । छोरीलाई स्कूल पढाए पनि बुहारीलाई स्कूल पढाएको पाइदैन । यदि पढ्दा पढ्दै कुनै केटीको विवाह भए पनि विवाह पश्चात बुहारीलाई पढ्न पठाइदैन । सानै उमेरमा विवाह गरिदिने र पढाइलाई पुरा गर्न पर्छ भन्ने सोच यस समुदायमा खासै पाइदैन । सहरी क्षेत्रमा सोचमा परिवर्तन आए पनि ग्रामिण भेगमा यस्तो प्रकारको सोच शुन्य नै मानिन्छ । बुहारीलाई घरकै कामकाजमा व्यस्त राख्ने र मेलापर्म सन्तानोत्पादन कार्यमा मात्र उपयोग गर्ने गरेको देखिन्छ ।

यसले के स्पष्ट पार्छ भने अहिलेको पुस्ताका केही व्यक्तिमात्र शैक्षिक स्तरमा अगाडि रहेका छन् । आजको पुस्ता भन्दा अगाडिका पुस्ता शैक्षिक हिसाबले निकै पछाडि रहेको पाइन्छ । शैक्षिक स्तर जसको माथिल्लो छ त्यसले सामाजिक प्रतिष्ठा बोकेका पेशा अगाल्दछ भने शैक्षिक स्तर कमजोर रहेका व्यक्तिले कृषि, मजदुरी जस्ता सामाजिक प्रतिष्ठा कम भएका पेशा अगाल्ने गर्दछन् । यस दृष्टिबाट विश्लेषण गर्दा यस समुदायमा शैक्षिक स्तर कमजोर रहेकाले नोकरी र अन्य व्यवस्थामा लाग्नेको संख्या कम रहेको र कृषि मजदुरी एवम् वैदेशिक रोजगारी जस्ता पेशामा संलग्न हुनेको संख्या बढी रहेको देखिन्छ ।

**वैयक्तिक अध्ययन नं.२** का अनुसार शिक्षा र चेतनाका अभावका कारण आफ्नो समुदायमा वहुविवाह भएको बताउदै उनीले आफु अशिक्षित भएको र धेरै कुराको जानकारी नभएको साथै आफ्नो पालामा गाउँमा विद्यालय नभएको आर्थिक अवस्था कमजोर भएका कारण पढ्न नपाएकोले अन्धो नै भएको छु भन्दै शिक्षा त मानिसको आखा नै रहेछ के गर्ने भनि पढ्न नपाएकोमा दुखी समेत भए । एक छोरालाई सामुदायिक विद्यालयमा स्नातक सम्म अध्ययन गराएका र अर्को छोराले १० सम्म अध्ययन गरेको बताउँदछन । अर्को तर्फ उनले बाबु बाजेहरु चेतनाको अभाव शिक्षाको अभावका कारण बहु विवाह, अनमेल विवाह र धेरै छोराछोरी जन्माउनाका कारण र वर्तमान अवस्थामा शिक्षा र चेतनाका कारण ति सवै कुराहरुलाई समाजले नस्वीकार्ने बताउँदछन् ।

शिक्षाका कारण गाउँमा विभिन्न संघ सस्था स्थापना गरेको र त्यसैको माध्यमबाट विभिन्न किसिमका चेतनामुलक कार्यक्रम **वैयक्तिक अध्ययन नं. १७**मा (२६ बर्षिया) ले भनेका छन। उनले वर्तमान अवस्थामा अंग्रेजी नै अन्तराष्ट्रीय भाषा भएको र विश्वको जहाँ गएपनि भाषागत समस्या नहुने साथै वर्तमान समयमा आफ्नै देशमा समेत विकसित हुदै गएको पर्यटन व्यवसायमा समेत सहयोग सिद्ध हुने कारण आफुले अंग्रेजी विषय नै छनौट गरेको भन्दै आफ्नो समुदाय अरु समुदाय भन्दा खासै फरक नभएको बताउदछन् ।बाबुले विगत लामो समयदेखि रोजगारीका लागि विदेशमा जाने आउने गरेका कारण आफुलाई स्नातकोत्तरको अध्ययन सम्म गर्नलाई आर्थिक रुपमा खासै समस्या नपर्ने हुदा आफ्नो भाई समेत गाउँमा नै रहेको रुपाज्योतीमा.वि.मा कक्षा १० मा अध्ययन गर्ने गरेको र आफ्ना बाबु आमा भने निरक्षर रहेको बताउँदछन् । आफ्नो मुसलमान समुदायमा आजकल बहुविवाहले प्रश्रय नपाउने र छोराछोरी समेत थोरै जन्माउने गरेका छन । पहिला पहिला अल्लाहले नै जन्म दिने पालन पोषण समेत उनैले गर्ने भन्ने मानसिकता रहेको हुदाँ हाल त्यस्तो सोचाईमा भने परिर्वतन भएको छ । **वैयक्तिक अध्ययन नं. ८**(वर्ष ३३) ले समेत समाज सुधार र परिर्वतनका लागि शिक्षाको महत्व रहेको बताएका छन् ।

## ४.५ पारिवारिक अवस्था

एउटै छानामुनि वस्ने र एउटै भान्छामा खाना खाने मानिसहरूको समूहलाई परिवार भनिन्छ । यस अध्ययनको अध्ययन क्षेत्रका परिवारहरू संयुक्त परिवार रहेको छ । संयुक्त परिवारमा छोराको महत्व बढी हुने र उक्त परिवारमा महिलाको अवस्था छोराको तुलनामा न्यून हुन्छ ।

यस अध्ययनले मुस्लिम समुदायमा भएको पारिवारिक जीवनबारे पनि बुझ्ने कोशिस गरिएको छ । वर्ष ४८ विविरन खातुनका अनुसार मुस्लिम समुदायमा महिलाहरू घरमै वस्ने, घरको कामकाज गर्ने, वस्तुभाउ हेर्न जाने, मेलापत, अर्मपर्म र वालबच्चाको स्याहारमा व्यस्त हुन्छन् । पुरूषहरू आय आर्जनका काममा वैदेशिक रोजगार, व्यापार व्यवसाय आदिमा संलग्न रहेका हुन्छन् । कतिपय महिलाहरूले पनि चुरा व्यापार र कस्मेटिक व्यापार पनि गरेका हुन्छन् । खेतीवालीको वेचविखन गर्न परेमा घरमा कुनै कार्य गर्न परेमा छोराछोरीको शिक्षा विवाह आदि जस्ता कार्यमा पुरूषको निर्णय हुन्छ । साथै सन्तानोत्पादन कार्यमा पनि अधिकांश पुरूषको निर्णय पाइन्छ । मुस्लिम समुदायका महिलाहरू घर र चुलो चौकामा मात्र सिमित रहेकोबताउदछिन् ।

परम्परागत मुल्य र मान्यतामा परिवर्तन आए जस्तै मानिसको चालचलन जीवनशैली र अन्य गतिविधिमा पनि परिवर्तन आएको छ । शिक्षा, स्वास्थ्य, सञ्चारको सुविधाले गर्दा आजका मानिसहरू परम्परागत सोच विचार र चालचलन भन्दा अगाडि बढेका छन् । आधुनिकताको कारणले गर्दा छोरीलाई पनि छोरा सरह समान अधिकार दिनु पर्छ भन्ने मान्यता आएको भन्दै आधुनिकिकरणको असर मुस्लिम समुदायमा पनि देखा परेको पाइन्छ । छोरीलाई पनि स्कूल पठाउन पर्छ भन्ने सोच मुस्लिम समुदायमा देख्न पाइएको छ । त्यसैगरी अहिले समाजमा आएका परिवर्तनको प्रभाव यस समुदायमा स्पष्ट देख्न सकिन्छ । घर सञ्चालन महिला पुरूष दुवैको सल्लाहमा भएको पाइन्छ । पुरूष आय आर्जनको काम गर्ने र महिला घरको रेखदेख गर्ने बालबच्चाको स्याहार गर्ने जस्ता कार्य गर्दछन् भने कतिपय महिलाहरू व्यापार पनि गर्दछन् । कस्मेटिक पसल, चुरा पसल जस्ता व्यापारमा महिलाहरू संलग्न रहन्छन् । सन्तानोत्पादन कार्यमा पुरूषको निर्णय बढी देखिए पनि हाल आएर महिला पुरूष दुवैको निर्णय हुने गर्दछ । सन्तानोत्पादन कार्यमा एकदम कट्टर मानिने परिवार नियोजनका साधन प्रयोग गर्न हुन्न भन्ने सोच रहे तापनि यदाकदा आजकल परिवार नियोजनका साधन पनि उपयोग गर्दै आएकोबताउदछिन् ।

**वैयक्तिक अध्ययन ३ का** अनुसार इस्लाम धर्म ग्रन्थले परिवार नियोजन गर्न बन्देज लगाएकोमा विगत र वर्तमानको अवस्था फरक रहेको बताएकी छन् । पहिला मुस्लिम धर्मालम्बीहरु थोरै भएकाले र त्यो जनसंख्यालाई बढाउनको लागि परिवार नियोजनमा

बन्देज लगाइएको हुन सक्ने र वर्तमान अवस्था जनसंख्या नियन्त्रणको अवस्था रहेको उनको धारणा रहेको छ । अन्य समुदायको गुणात्मक र सानो सुखी परिवारको देखासिखीका कारणले मुस्लिम समुदायमा पनि परिवार नियोजन गर्ने प्रवृत्ति बढ्दो छ । परिवार नियोजन गर्नु पाप हो भन्ने कुराको पक्षमा आफु नरहेको बताउदछिन् ।

**उनका अनुसार** हाल उनका श्रीमान विदेश रहेकाले परिवार नियोजनका साधनको प्रयोग गर्न नपरेको तर श्रीमान घरमा आउदा उक्त साधनको प्रयोग गरेको उनी बताउँदछिन् । एक छोरा र एक छोरी भएकी आयूषाले संयूक्त परिवार भन्दा एकल परिवार सुखी हुने कुरामा विश्वस्त छिन् । धेरै छोरा छोरी भएमा परिवार गुणस्तरिय नहुने छोराछोरीका इच्छा पुरा गर्न नसकिने, राम्रो शिक्षा, स्वास्थ्य र हेरविचार पुऱ्याउन नसकिने उनको भनाइ छ । परिवार नियोजन गर्न त धर्मले छुट नदिने भन्ने प्रसँगमा उनले, खुला रुपमा नगर्ने तर भित्री रुपमा परिवार नियोजन समेत आफ्नो मुस्लिम समुदायका मानिसले गर्ने गरेको बताउँदछिन् । वर्तमान अवस्थामा रेडीयो, टि.भी र अन्य चेतनामुलक कार्यक्रमबाट महिलाहरु नै बढि सानो परिवार तर्फ आर्कषित भएको र विस्तारै प्रजनन हक र अधिकार महिलामा स्थापित हुदै गएको बताउदछिन् ।

## ४.६ वैवाहिक स्थिति

**वैयक्तिक अध्ययन ४ का** भनाई अनुसार उनको विवाह मागी विवाह भएको र मुस्लिम समुदायको सामाजिक पक्रिया अनुसार भएको भनिएको छ । मुस्लिम भाषा अनुसार विवाहलाई 'निकाह' भनिन्छ । मुस्लिमहरूलाई अन्य जातिको जस्तो दिन जुराएर विवाह गर्नु पर्दैन । कुनै पनि मुस्लिम केटीसँग कुनै पनि दिनमा मुस्लिम केटाले विवाह गर्न सक्दछ । एउटै बाबुका भिन्ना भिन्नै आमाबाट जन्मेका दाजु बहिनी बिच समेत विवाह गर्न मिल्दछ । एउटै आमाको दुध खाएका बाहेक अन्य कुनै पनि मुस्लिम केटीसँग मुसलमान केटाले विवाह गर्न मिलछ । लोग्ने मानिसले चाहेमा र मन पराएमा ४ वटी सम्म श्रीमती विवाह गर्न पाउने धार्मिक ग्रन्थ कुरानमा उल्लेख गरिएको छ । आफ्नो समुदायमा मागी विवाह प्राथमिकतामा रहेता पनि हाल आएर प्रेम विवाह पनि बढेको बताउदछिन् ।

## ४.७ महिलाको अवस्थामा

**वैयक्तिक अध्ययन ५ का**(४६ वर्षिया महिला व्यापारी) का अनुसार मुस्लिम धर्मग्रन्थमा महिलाको स्थानका सम्वन्धमा आफुलाइ त्यती धेरै जानकारी नभएको र मस्जिदमा गएर जुम्मा र नमाज पढ्न नपाउने बाहेक आफुहरुलाई कुनै पनि धार्मिक कार्य गर्न बन्देज नभएको र धार्मिक ग्रन्थमा पुरुष प्रधान भई ४ वटा सम्म विवाह गर्ने छुट

भएको कुरामा उनले खोई धार्मिक ग्रन्थमा के छ ? तर हाम्रो समाजमा हेर्नोस यस गाउँमा ४ वटा विवाह गर्ने कोही पनि पुरुष छैनन त्यसकारण हाम्रो यस समाजमा बहुबिबाहका समस्याहरु भने नरहेको र हामी महिलाहरु पनि अब कहाँको पहला पहिलाका श्रीमानले जतिवटा विवाह गरेपनि, जस्तो व्यवहार गरेपनि चुप लागेर त वसिदैन नी त ? कानुन छ, महिला अधिकार छ, आमा समुह छ, अझ संगठीत रुपमा हामी महिलाहरु आफ्नो हक अधिकारका विषयमा मात्र होइन महिला कर्तव्यका बारेमा समेत सचेत गराउँदछौ, हेर्नोस मेरो श्रीमान विदेश हुनुहुन्छ घरमा बुढी सासु र स-साना छोराछोरी छन अनि सानो भएपनि व्यापार व्यवसाय पनि छ अनी मैले महिला हक अधिकारका कुरामात्रै गरेर भएन नी आफ्नो कर्तव्य पनि पुरा गर्न पर्‍यो नि त परिवारको सदस्य भएपछि सबैको आफ्नो आफ्नो दायीत्व र कर्तव्य हुन्छ र त्यस कर्तव्य र दायीत्वबाट विचलित नभइकन कार्य गर्नुपर्दछ भन्दै आफ्नो कर्तव्यका बारेमा समेत बताइन् । स्थानिय समाज सुधार आमा समुहको सदस्य समेत रहेकी मियाले गैह्रमुस्लिम समुदायका मानिसहरुको सहकार्यमा धेरै काम गरेकी छन् । स्थानिय रुपमा संचालित सीलाई बुनाई तालिम मैनबत्ती तालिम, अगरबत्ति निर्माण तालिमहरु विभिन्न सरकारी तथा गैह्र सरकारी संस्थाहरुको आयोजनामा संचालित सिपमुलक कायक्रमहरुमा सहभागी भएर आत्मनिर्भर हुने सिप समेत प्राप्त गरेकी छन् । आफ्नो विवह १४ वर्षको उमेरमा भएको र त्यस समयमा आफुलाई खासै केहि जानकारी नभएको पढ्नु पर्दछ भन्ने भावनाको समेत विकास भएको थिएन र कक्षा ५ सम्म त त्यही गाउकै विद्यालयमा पढेको त्यसपछि छिमेकी गाउँमा पढ्न जान परेको कारण पढाईलाई निरन्तरता दिन नसकेको एवं विवाह वन्धनमा बाधिएपछि त झन पढ्न पाउने कुरै भएन र त्यही गाउँको वडा नं. ४ मा आफ्नो माइति गाउँ भएको बताइन । आफ्नो विवाह हुदाँको अवस्था वा आफुले जान्दाको समयमा र अहिले धेरै कुरामा परिर्वतन भएको छ जस्तो की यहाँ हाम्रो गाउँमा वनेका घरहरु, मानिसको जिवनस्तर हेर्नोस त्यसबेला मोबाइल थिएन फोन गर्न वेगनासताल जानु पर्दथ्यो अहिले  सबैका हातमा मोबाइल छ रोजगारीको एउटै मात्र विकल्प कृषी पशुपालन थियो भने अहिले आएर विभिन्न थरीका व्यापार व्यवसाय, वैदेशिक रोजगारीमा व्यापक वृद्धि विभिन्न संघ सस्थां वा जिल्लास्तरबाट समेत अनेक थरिका कार्यक्रम छन् । त्यस समयमा हाम्रो गाउँमा उत्पादन भएको केहि विक्री हुदैनथ्यो तर अहिले यसै गा.वि.स मा स्थापना भएको साथ फलफुल तथा तरकारी सहकारी सस्थाले यहाँ उत्पादन भएको जुनसुकै कृषि उत्पादन तथा अन्य सामाग्री समेत खरिद गरिदिन्छ । अब

काम गर्न सक्नु पर्यो बजारको कुनै समस्या छैन । यसरी सामाजीक रुपमा होस् वा व्यक्तिगत जिवनमा होस यस समुदायमा वर्तमान समयमा महिलाहरुको अवस्थामा सुधार भएको देख्न सकिन्छ भने वर्तमान युवा पुस्ता भने यस विषयमा अझ वढि सचेत भएको पाइन्छ ।

**वैयक्तिक अध्ययन नं.** २२ (२१ वर्षिया ) मा पनि महिलाको अवस्थाका बारेमा उनले बताएकी छन की, विवाह सम्वन्धलाई व्यक्तिगत मामला हो र यो कुनै पक्षबाट पनि दवावमुलक र बाध्यकारी हुनु हुदैन भन्दै आफुले अहिले सम्म विवाह नगरेको कारणमा विवाहको सम्वन्धमा हालसम्म कुनै सोच नवनाएको बताउदछिन । इस्लाम धर्ममा भएको विवाह सम्बन्धी व्यवस्थामा पुरुषले ४ वटा सम्म विवाह गर्न पाउने विषयलाई उनि स्वेच्छिक रुपमा राजीखुसी गर्न पाउने होला भन्दै जुन देशमा हामी बस्दछौँ त्यही देशको कानुनले बहुबिवाहलाई प्रतिबन्ध लगाएको छ भने त्यसको सान्र्दभिकता उपयुक्त नभएको भन्दै घुमाउरो भाषामा त्यसको विरोध समेत गरिन् । आफुले यस तालवेशी गाउँमा कमै मात्र दोस्रो विवाह गर्ने गरेको देखेको र वर्तमान युवा पुस्तामा त वहुविवाह प्रथा अन्त नै भइसकेको बताइन । यस गाउका महिला माथि शोषण गरेको र हिंसा गरेको खासै नदेखेको बताउदै इस्लाम धर्ममा व्यवस्था भएको वुर्का पहिरन पनि हाम्रो गाउमा नरहेको हुदा महिलामाथ त्यस्तो अत्याचार नभएको तर केही न केही पुरुष प्रभुत्व त आफ्नो मुस्लिम समुदायमा मात्र होइन अन्य समुदायमा पनि छ । अबको २१ औँ शताब्दीमा पनि कसैले कसैलाई चाहे त्यो धर्मका नाममा हास चाहे जात वा सस्कृति वा सस्कारका नाममा होस दमन गर्न सक्दैन त्यसकारण वर्तमान खुला समाजमा सबै समान हो सबैलेसबैका अस्तित्व स्विकार गनुपर्दछ र सम्मान गर्नु पर्दछ ।

## ४.८ सामाजिक संस्कारमा परिर्वतन

### ४.८.१ जन्म

**वैयक्तिक अध्ययन नं. १४** (५१ वर्षिया कृषक) मा भनेका छन की उनले आफ्नो समुदायमा भएको परिर्वतनलाई स्वभाविक रुपमा लिदै यसले आफ्नो धर्म र संस्कारमा निखारपना आएको साथै चेतना र ज्ञानको विकासका कारण वर्तमान युवा पिढीमा व्यवसायीकता तर्फ उन्मुख रहेका र हामी पुरानो पुस्ताका मानिसहरु निर्वाहमुखी र

परम्पावादी रहेकोमा वर्तमान युवाहरु परिर्वतनशिल, नयाँ नयाँ पनको खोजि र परम्परालाई धान्ने मात्र नभई त्यसलाई सुधार परिर्वतन र परिष्कृत गर्नु पर्दछ भन्ने मान्यता र सोचाइमा विकास भएको कारण आफ्नो समुदायमा नयाँ नयाँ र बदलिदो संसार अनुसार परिमार्जित हुने क्षमताको विकास भएको र आफुहरुको समाजमा वर्तमान समयमा छिटो छिटो सुधार भएको पाइन्छ चाहे त्यो महिलाको अवस्थामा होस, वा शैक्षिक सुधारमा वा आर्थिक परिर्वतन र आर्थिक वृद्धि भई आफ्नो धर्म सस्कार र समुदाय सुधारोन्मुख एवं विकासोन्मुख भएको र अझ महिलामा प्रजनन् अधिकारको विकास भएको छ भने जन्मदरमा कमी आएको छ केही वर्ष सम्म जन्मान्तर कम थियो भने वालमृत्युदर वढि थियो सबै बच्चाको जन्म घरमा नै हुने गरेको थियो भने वर्तमान अवस्थामा थोरै सन्तानतर्फको आर्कषण बढेको छ सुत्केरी हुन स्वास्थ्य सस्थामा जाने प्रचलन समेत बढेको छ भने अझ महत्वपुर्ण कुरा त परिवार नियोजनका साधानहरुको प्रयोग समेत हुन थालेको अवस्था समेत रहेकाले जन्मान्तर बढेको छ ।

### ४.८.२ विवाह

बहु विवाहलाई धर्मले नै स्वीकृति दिएको र उक्त वहुविवाह गर्ने अधिकार पुरुषमा मात्र सिमित रहेको भनी व्याख्या र विश्लेषण गरेको मुस्लिम समुदायको अधिकांश विवाह मागी हुने गरेकोमा वर्तमान अवस्थामा आएर प्रेम विवाह गर्ने, वहुविवाहलाई कम मान्यता दिने विचारको वर्चश्व मुस्लिम समुदायमा रहेको बताइन्छ । जुन कुरा **वैयक्तिक अध्ययन नं. २५** (४८ वर्षीया महिला) ले विवाह संस्कारमा समेत मुस्लिम धर्ममा विवाहलाई व्यवस्थित र मर्यादित बनाउनका लागि स्पष्ट व्यवस्था गरेको बताएका छन । उनका अनुसार दोस्रो विवाह गरेको र आफ्नो धर्ममा विवाह सम्बन्धमा धेरै छुट भएको बताइन् । कक्षा आठ सम्मको अध्ययन गरेकी उनी आफ्नो धर्मले विधवा विवाहलाई मान्यता दिएर महिलाको अधिकार संरक्षण गरेको छ । जसको कारण उमेरमा नै विधवा भएको महिलाले एकल रुपमा जिवन बिताउन नपर्ने छ भन्दै विधवा विवाहको पूर्ण रुपमा सर्मथन गरेकी छन् । आफ्नो समुदायमा गैह्र मुस्लिमले विवाह गरेमा गृह प्रवेश गराउनु अगाडी उनलाई विवाहकै विधि अनुसार इस्लाम धर्म स्वीकार गर्न लगाइन्छ र कुरानका वचनहरु वाचन गर्न लगाइन्छ । यसरी विवाह गरेर ल्याएको गैह्र मुस्लिमहरुको कन्या वा विधवा जे भएतापनि उनको समाजमा स्थान भने उच्च नै रहने आफ्नो समुदायमा कुनै पनि जातिय विभेद नभएको भन्दै

आफुले दोस्रो विवाह गरेर आएको भएतापनि यस समाजमा आफुलाई अपहेलनाको दृष्टिकोणबाट हेर्ने नगरेको र सम्मानित रुपमा नै रहने गरेको बताइन । भने अर्को तर्फ धार्मीक ग्रन्थ अनुसारको निकाहा प्राप्त भएपछि पनि दोस्रो विवाह गर्न छुट भएको बताइन । यसरी आफ्नो धर्मले दोस्रो विवाह गर्नमा कुनै रोक नगरेको बरु प्रोत्साहन नै गरेको छ । त्यसकारण आफ्नो समुदायमा विधवा महिलाहरु जुन प्रजनन उमेरका छन तिनिहरु कम भएको दावी समेत गरिन ।

उनीले इस्लाम धर्मका सम्बन्धमा कस्तो सँग विवाह गर्न मिल्दछ र कस्ता सँग मिल्दैन भन्ने प्रसङ्गमा र यसमा भएको परिर्वतनका विषयमा विवाह गर्न मिल्ने जोडीका बारेमा समेत तोकिदिएको हुदाँ सोही अनुसार गर्न मिल्ने बताइन भने केही नाता सम्बन्धमा विवाह गर्न मिल्दैन जसमा आफ्नो जन्म दिने आमा, बाबुका पत्नी (सौतेनीआमा), दीदि, बहिनीहरु आफुलाई दुध चुसाएका धाई आमाहरु र त्यस्ता धाई आमाका छोराछोरीहरु पत्नीको आमा (सासु) आफ्नो वास्तविक छोराका पत्नी )बुहारी सगँ विवाह गर्न हुदैन साथै पती पत्नी विवाह गर्दा एकै साथ दुईजना दिदी वहिनी सगँ पनि गर्न हुदैन साथै पत्नीको फुपुको सानीआमा सगँ पनि विवाह गर्न नहुने बताउदछिन भने हिन्दु धर्म ग्रन्थ जस्तो वंश कुल मात्र जात सम्बन्धमा विवाह गर्नहुने नहुने भनी नतोकी आफ्नो धर्म ग्रन्थले नाता सम्बन्ध खुलाएर विवाह गर्न हुने नहुने कुरा स्पष्ट पारेको हुदा अन्य धर्म भन्दा आफ्नो धर्म बढि स्पष्ट भएको साथै खोजेको समेत दावी गरिन । इस्लामीक गुरु मोहमम्दले १२ वटा विवाह गरेका र ४ वटा सम्म विवाह गर्नका लागि पुरुषलाई छुट दिएको कुराहरु पनि महिला सम्मान र स्वतन्त्रताका कुराहरु रहन्छन र भन्ने प्रसङ्गमा उनले हाम्रो यस गाउँमा हेर्नोस अधिकांश पुरुषहरुले एउटा मात्र विवाह गरेका छन दुईवटा विवाह गर्ने संख्य निकै थोरै छ र त्यसमा पनि उनिहरुले अपहेलना गरि कुनै एउटा श्रीमती सँग बस्ने तर अर्को श्रीमतीलाई वास्ता नगर्ने प्रचलन हाम्रो यस गाउमा छैन भन्दै आफ्नो यस गाउँमा विवाह संस्कार समेत व्यवस्थीत रहेको बताउदै उनले आफुहरु लामो समयदेखि हिन्दु धर्मालम्वीहरुको सर्म्पकमा रहेको उनिहरुको सस्कार र सस्कृतिको बारेमा समेत केही जाने बुझेको हुदाँ उनिहरुले नजिकको नाता सम्बन्धमा विवाह गर्न नहुने प्रचलन बाट प्रभावित भएर हाम्रो यस गाउमा समेत हाम्रो धर्म ग्रन्थमा विवाह गर्न हुने नाता सम्बन्ध खुलाए पनि हाम्रो छुट्टै संस्कार छ हामीहरु पनि नजिकको नाता सम्बन्धमा विवाह गर्दैनौ । हाम्रो यस गाउमा बसोबास गर्ने मुस्लिमहरुको छुट्टै वंश रहेको छ । र त्यसमा हामीले विवाह गर्न हुने

नहुने भनेर मौखिक सहमती बनाएका छौँ र सोही अनुसार विवाह गर्दछौँ र अगाडी भनेझै एउटै आमाको दुध खाएका बाहेक आफ्नो नाता सम्बन्धमा विवाह गर्ने धार्मीक प्रचलन हाम्रो यस समुदायमा छैन । हाम्रो यस गाउमा पहिला देखि नै यस्तै प्रचलन रहदै आएकोले त्यसमा हुन सक्छ हिन्दु धर्मालम्बीहरुको वर्चश्व भएकाले पनि र हाम्रो संस्कार र सस्कृतिमा हुर्केको भन्दा गैह्र मुस्लिम समाजमा हुर्केको मानिस ठुला बढा र शिक्षित भएको हुदाँ तिनीहरुको आदेश वा भनाइबाट प्रभावित भएर पनि हुन सक्छ । जे होस जुन वैवाहीक परम्परा हाम्रो यस गाउमा चलिआएको छ त्यो नै राम्रो छ भन्दै यस्तो परम्परा मान्नु धर्मको विपरीत नहुने समेत बताइन । धर्मले विवाह गर्न मात्र छुट दिएको हो तर तिनै व्यक्तिहरुसँग विवाह गर्नु पर्दछ भनेर बाध्य भने नवनाएको हुदाँ आफुहरुको यस्तो कार्य धर्मको विपरित नभएको बताइन ।

### ४.८.३ मृत्यु

मुसलमानको मृत्यु भएमा काठ वा बासबाट निर्मित साधनमा मृतकलाई नुहाएर मात्र लैजाने र मृतकको शवयात्रामा गैह्र मुस्लिम सहभागी नहुने र मृत शरिरलाई सकेसम्म आफ्नो स्वामित्वको जग्गामा लगेर विधि पुर्वक गाड्ने मुस्लिम परम्परामा केही परिवर्तन आएको व्यक्तिक अध्ययनबाट जानकारी पाउन सकिन्छ । **वैयक्तिक अध्ययन नं.** ४ (४१ वर्षिया कृषक) ले भने अनुसार उनले आफु १८/१९ वर्षको उमेरदेखि मृत्यु सस्कांरमा सहभागी हुने गरेको र त्यसबेला देखि हालसम्मको मृत्यु सस्कांरमा न्युन मात्रामा परिर्वतन आएको बताउने मिया आफ्नो समुदायमा महिलाको मृत्यु भएमा महिलाले र पुरुषको मृत्यु भएमा पुरुषले सर्वप्रथम नुहाइदिने र आफ्ना आफन्तको विछोडमा रोइकराइ नहुने त कुरै भएन भन्दै उनले मृतकलाई नुहाइसकेपछि शरीरका प्रत्येक अङ्ग पुछ्नका लागि सेतो कपडाको टुक्रा पारि राख्ने उनीहरु बसोबास गर्ने प्रत्येक स्थानमा आफुहरुको छुट्टै चिहान हुने र उक्त स्थानमा मृतकलाई खाडल खनी पुर्नुपर्ने कारण ४/५ जना मानिस पहिला नै त्यस स्थानमा गई खाडल खन्नेगर्दछन । त्यसरी खाडल खन्दा कोही व्यक्तिले आफ्नै लालपुर्जाको जग्गामा र अधिकांशले सामुहीक समाधिस्थलमा लाने गर्दछन ।

मुस्लिम समुदायले केही अगाडी सम्म सेतो कपडामा हतरलाई राखी खाटजस्तो आकारमा काठको साधनमा मृतकलाई राखी लैजाने गरेकोमा आजकल काठको झोलुङ्गो चाम्दानी निर्माण गरेका र त्यसमा राखी मृतकलाई चिहानसम्म पुऱ्याइ पुन त्यो साधनलाई

बताउँदछन् । घरदेखि कव्रिस्थान (चिहान) सम्म पुऱ्याउदा करिब ४०-५० मि. को दुरीमा मृतकलाई विसाउदै पाठ पढदै पुऱ्याउँछन् र त्यस स्थानमा पुगेपछि पनि पुन पाठ पढ्ने र त्यस कव्रिस्थानमा पहिले नै गएका ४-५ जनाले तयार गरेको मृतक गाड्ने करिब ५ फिट गहिरो र त्यसै अनुरुप चौडा समेत बनाई त्यसमा पहिला काठैकाठको खटिया जस्तो खाडलजस्तो बनाउने र त्यसमाथी मृतकलाई राख्ने र मृतकमाथि पुन त्यसैगरी काठको खाटजस्तो निर्माण गरि राख्ने ताकि मृतकलाई ढुङ्गा माटोले नछुने गरि तयार गर्दछन् र त्यसमाथि माटो राखी पुर्ने र अलि पैसा हुनेले त्यसलाई ढुङ्गा माटो सिमेन्ट बालुवाले कम्पाउन्ड गर्ने र कसैले कम्पाउन्ड नगरी फर्कने गरेको बताउँदछन । आफुहरुको नुन बार्ने किरिया बस्ने जस्ता कर्म नभएको र ३ दिनका दिन मृत्यु संस्कार पूरा हुने बताउदै मियाले आफ्नो मृत्यु संस्कार ओस्ताज (पुरोहित)ले पाठ र अन्य कर्म गरि पूरा हुने बताउँछन । श्रीमानको मृत्युपश्चात श्रीमतीको पहिरनमा खासै फरक नपर्ने र आफ्नो समुदायमा रातो पहिरन लोकप्रिय नभएको सामान्यतया श्रीमानको मृत्युपछि श्रीमतीले चुरा नलगाएको बताउँदछन । यसरी आफ्नो समुदायका मानिसको मृत्यु भएको ४५ औं दिनमा पनि ओस्ताजले केही कर्म गरेको र मृतकको आत्माको चिर शान्तिको कामना गर्ने गरेको बताउँदछन् भने आजकल केही औपचारीक समारोह समेत गरी श्रद्धाञ्जली सभा (अलि ठुलाबडा मानिसको मृत्यु भएको बेला) गर्ने गरेको समेत बताउँदछन । आफ्नो समुदायको मानिस मृत्यु भएमा पहिला पहिला त गैह्रमुस्लिमलाई जान पनि नदिने गरेको तर आजकल भने सहभागी हुने मृतकलाई छुन नदिने गरेको बताउँदछन भने आजकल अलि धनसम्पति भएका मानिसले मृतकको नाममा स्मृतिका लागि कोष खडा गर्ने र वार्षिक रुपमा कार्यक्रम गरि कल्याणकारी कार्यमा उक्त कोष खर्च गर्ने गरेको समेत बताएका छन् ।

### ४.८.४ खतना

विभिन्न सामाजिक संस्कार मध्यको मुसलमानको खतना सस्कार पनि एक महत्वपूर्ण मानिन्छ । बालक जन्मेको ५ वर्ष भित्र अनिवार्य रुपमा गराउनुपर्ने खतना (बच्चाको लिङ्गको टुप्पोको छाला काट्ने) संस्कारमा समेत केही परिर्वतन भएको स्थानिय बताउँदछन । **वैयक्तिक अध्ययन नं. २८** का अनुसार आफ्नो समुदायमा भएका विभिन्न सास्कृतिक क्रियाकलापको आफ्नै महत्व समेत रहेको हुदाँ जन्म संस्कारमा बच्चा जन्मनासाथ दायाँ कानमा अल्लाहको प्रार्थनाका आव्हान सुनाउने गरिन्छ भने वायाँ कानमा अल्लाहको

महानता उद्घोस गर्ने गरिन्छ । सातौं दिनमा अल्लाह पैगम्बर तथा उनको परिवार पनि हाम्रो यस गाउँमा रहेको छ र यदी बालक भए ५ वर्ष भित्र लिङ्गको छाला काट्ने खतना सस्कार अनिवार्य रुपमा गर्नुपर्ने हुन्छ । विदेशतिर महिला वा बालिकाको पनि खतना सस्कार गरिन्छ भने हाम्रो गाउमा भने बालकमा मात्र यो सस्कार गरिन्छ ।धर्मग्रन्थमा यस सम्बन्धमा खासै केही उल्लेख नभएतापनी मुस्लीम समुदायमा यो अनिवार्य मानिन्छ । आफ्नो गाउँमा खतना गराउन जान्ने कोही नभएको वर्षमा १ वा २ पटक नेपालको तराइतिरबाट धार्मिक व्यक्तित्व खतना गराउनका लागि आफ्नो गाएँमा आउने गरेको र सास्कृतिक समारोहका बिचमा विषेश विधिद्धारा खतना कार्य सम्पन्न गरिन्छ खतना संस्कार पुरा गरेपछि उक्त बालक सच्चा मुसलमान भएको बताउँदछन । आफ्नो धार्मिक ग्रन्थ कुरानमा खतनाका विषयमा चर्चा नगरेता पनि अल्लाहका पैगम्बर महम्मदले बताएअनुसार (पूर्व पैगम्बर) इब्राहिमले आफ्नो ८० वर्षको उमेरमा आफैंले बसिलाको प्रयोग गरि आफ्नो बसिलाको प्रयोग गरि आफ्नो खतना गर्नुभएको थियो । यस कार्यले बालकमाथि धर्मले गरेको शोषण र रुढीबादी परम्पराको अधिकतम मान्यता भएन भन्ने प्रसङ्गमा यसलाई छाड्ने त कुरै भएन बाल शोषण होइन वर्तमान अवस्थामा नामले खतना नभनेता पनि विकसित यूरोपियन राष्ट्रहरुले समेत लिङ्ग बाहिरको छाला काट्ने परम्परा अपनाउन थालेका छन् किनकी लिङ्ग बाहिरको छाला काट्ने परम्परा अपनाउन थालेका छन् किनकी लिङ्ग बाहिरको छालाका कारण पिसाब गर्दा त्यहाँ रोकिने र जम्मा हुने त्यही फोहोरका कारण रोग लाग्न दिनबाट बचाउनका लागि पनि यसको महत्वपूर्ण भुमिका रहन्छ । त्यसकारण बालकलाई भविष्यमा लाग्ने रोगबाट बचाउनका लागि पनि यो कार्य अनिवार्य भएको बताउँछन । यसरी यो खतना सस्कारलाई छाड्ने कुरै भएन अझ बढी अनिर्वाय र प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ भन्दै आफ्नो सस्कारको परम्पराको सेवा गर्नु सबै मुसलमानको कर्तव्य भएको समेत बताए तर आजकल खतना गराउन आउनेले बढी पैसा माग्ने गरेका कारण भने समस्या देखिन थालेको बताँउदछन् ।यसरी वैयक्तिक अध्ययनलाई प्रमुख अध्ययन विधि मानेर गरिएको यस अध्ययनको एक उद्देश्य मुसलमानको सामाजिक सास्ँकृतिक परिर्वतनको अवस्थाको वारेमा अध्ययन गर्नु रहेकोमा समाजका फरक फरक व्यक्तित्वका विचारमा पेशा, रोजगार परिवारको आकार, व्यवसाय, रहनसहन, लवाई खुवाई, भौतिक तथा अभौतिक सामाजिक सास्कृतिक संरचनामा परिर्वतन भएको पाइन्छ ।

# अध्यायः पाँच

# पारिवारिक जीवनमा महिलाको अवस्था

यस अध्यायमा रूपा गाउँपालिका ६ तालवेशीका मुस्लिम समुदायका महिलाहरूले घरायसी जीवनमा खेल्ने भूमिका र उनीहरूको अवस्थाको वारेमा व्याख्या गर्ने प्रयास गरिएको छ ।

## ५.१ घरयासी कार्यमा महिलाको भूमिका

हरेक क्षेत्रमा महिलाको बढी भूमिका हुने गर्दछ तर उक्त कार्यहरूमा महिलाको आवाज सुनिन्छ की सुनिदैन भन्ने कुरामा पनि यस अध्ययनमा ध्यान दिएको छ ।

पारिवारीक जीवनमा महिलाको धेरै भुमिका हुने गर्दछ । तर उक्त कार्यहरुमा महिलाको आवाज सुनिन्छ कि सुनिदैन, घरयासी कार्यमा महिलाको निर्णय भुमिका कति रहन्छ भन्ने कुरा मुख्य रहन्छ **वैयक्तिक अध्ययन ६ का अनुसार**(वर्ष ४५ ) का अनुसार घरयासी कार्यमा महिलाको ज्यादै नै महत्वपुर्ण भुमिका रहेने कुरा स्विकार गर्दछिन । महिलाले स्वतन्त्र रुपमा घरायसी कामकाज गर्न पाउनु पर्छ भन्ने उनको चहाना रहेको छ । तर कतिपय अवस्थामा घरका कामकाज आफ्ना इच्छा अनुसार गर्न पाईदैन त्यसमा घरमुली अर्थात श्रीमानको निर्णय अनुरुप घरयासी कामकाज सञ्चालन गर्नु पर्ने हुन्छ । महिलामा निर्णय गर्ने क्षमताको कमि हुन्छ अवस्था उनिहरुले गरेको निर्णय राम्रो हुदैन भन्ने सोचाई मुस्लिम समुदायमा प्रशस्त पाईन्छ यसमा उनले असन्तुष्टि जनाउदछिन् । हामीले पनि मौका र अवसर पाए पुरुष सरह हरेक कुराको निर्णय गर्न सकिन्छ । यसरी कामकाजमा झन पुरुषलाई भन्दा महिलालाई धेरै कुराको ज्ञान हुन्छ । जसले गर्दा निर्णय लिन सजिलो हुन्छ तर हाम्रो समाजमा घरयासी कामकाज देखि हरेक कुराको निर्णय पुरुषले गर्दछन् ।

घरमा केहि सामान चाहियो खेतीवालीको काम गर्ने समयमा अथवा सन्तानको शिक्षा आदि जस्ता कुरामा पुरुषको नै निर्णय अनुसार काम गरिन्छ । दैनिक क्रियाकलापको लागि चाहिने कुरामा पनि पुरुषमा नै निर्भर रहनु पर्दछ । घरमा एउटा पाहुना आएपनि आफ्नो इच्छा अनुसार खाना दिन पाईदैन आफुसंग पैसा नहुने र श्रीमान घरमा नभएको दिन भएमा साह्रै गाह्रो हुने बताउदछिन । खेतवारीको काममा पनि कहिले लगाउने, कहिले

काट्ने, कोको खेताला लगाउने सबै जिम्मा पुरुषको नै हुने गर्दछ । यसो गर्नाले केहि हद सम्म सजिलो नै हुन्छ आफुले केहि कुराको जिम्मेवारी लिनु नपर्दा सहज हुन्छ तर पनि

घरयासी कामकाजका निर्णय पुरुषले भन्दा महिलालाई दिए धेरै प्रभावकारी हुने उनको भनाई रहेको छ ।

**वैयक्तिक अध्ययन ७ का**( ४५ वर्ष ) का अनुसार मुस्लिम समुदायमा निर्णयको काम पुरुषको नै हुने गर्दछ तर मेरा श्रीमान भएका कारण घरयासी कामकाजका निर्णय आफैले गर्ने बताउदछिन । घरमा श्रीमान हुनेहरुले मात्र घरायसी कामकाजका निर्णय गर्दछन भने श्रीमान घरमा नभएका वैदेशिक रोजगारमा गएकाले सासु-ससुराको निर्णय अनुसार चल्दछन र उनका श्रीमान बिते सकेका कारण हरेक कुराको निर्णय उनि आफैले गर्नु परेको बताउदछिन । छोरा सानै छदा श्रीमान बितेकाले छोराको शिक्षा देखि सबै कुराको निर्णय उनि आफैले गरेको र अब पनि आफैले गर्न पर्ने कुरा बताउदछिन । छोराको विवाह नभएको र अब छारोको विवाहको निर्णय पनि आफुले नै गर्ने बताइन् । भुकम्पले घर भत्काए पछि अर्को घर बनाउन पर्ने भयो त्यसको लागि आवश्यक सामाग्री सबै उनले नै जुटाउन परेको जसले गर्दा आफु जस्ता एकल महिलालाई निकै कठिन हुने बताईन । श्रीमान भइ दिएको भए सबै जिम्मेवारी श्रीमानको हुन्थ्यो र आफुले त्यस निर्णयमा साथ दिन सजिलो हुने र घरमा आईपर्ने विभिन्न समस्याका समाधान गर्न पनि सजिलो हुन्थ्यो भन्ने कुरा जनाउछिन् ।

## ५.२ वस्तुभाउको वेचविखन

मुस्लिम समुदायमा पारिवारीक क्रियाकलापमा महिलाको भुमिकामा वस्तुभाउको वेचविखन पनि पर्दछ । ग्रामिण भागमा जुनसुकै समुदायमा पनि वस्तुभाउ पाल्ने गरिन्छ । यस्तो प्रकृया मुस्लिम समुदायमा पनि देखिन्छ । **वैयक्तिक अध्ययन ९ का**का अनुसार उनमा श्रीमान वैदेशिक रोजगारमा रहेको र घरयासी कामकाजमा आफ्नो निर्णय हुने बताउदछिन आफ्नो निर्णय हुने बताउदछिन घरमा एउटा भैसी पालेको र केहि कुखुरा पनि रहेको यि सबैको पालन आफुले गरे पनि वेचविखन गर्ने समयमा ससुराको निर्णय अनुसार गर्ने बताइन । वस्तुभाउको वेचविखन ससुराको निर्णय अनुसार भए पनि त्यसको विक्रिबाट आएको रकम स्वयम आफैले राख्ने र आवश्यकता अनुसार खर्च गर्ने बताइन । श्रीमान घरमा नभएका कारण सासु ससुराको रेखदेखमा रही घरायसी कार्य, वस्तुभाउ वेचविखन

सन्तानको शिक्षा जस्ता निर्णायक कार्य गर्दछिन आफ्नो समुदायमा छोरी बुहारीले स्वतन्त्र भएर कुनै पनि कार्य गर्ने अवसर नपाईने उनको भनाई छ । महिलालाई स्वतन्त्र रुपमा हरेक कुराको निर्णय गर्न दिने हो भनि उनि पनि एक सफल र उदाहरणीय पात्र बन्न सक्ने बताउछिन ।

**वैयक्तिक अध्ययन १० काअनुसार** घरपरिवारमा हुने विभिन्न कार्यमा महिलाको सक्रिय सहभागिता रहन्छ । विहान उठे देखि राती सम्म महिलाहरु घरकै कामकाजमा व्यस्त रहन्छन । खाना पकाउने, घर सफा गर्ने, गाईवस्तुको हेरविचार, सन्तानको लालनपालन सवै महिलाले नै गर्दछन । यि सबै काम महिलाले गरे पनि जब कुनै निर्णय लिने समय आउछ त्यति बेला पूरुष नै अघि बढ्छन । चाहे त्यो सानो भन्दा सानो निर्णय नै किन नहोस् । हाम्रो समुदायमा यदि पुरुष घरमा नै  छन भने वस्तुभाउ वेचविखनमा उसैको महत्वपुर्ण भुमिका रहन्छ भनि बताउदछिन । वस्तुभाउलाई घासपानी, भकारो सफा गर्ने काम कसले गर्नु हुन्छ भन्ने प्रश्नको जवाफ यि काम समय र परिस्थिती हेरेर दुवै जनाले गर्ने बताइन् । काम दुवैले गरेपनि वस्तुभाँउ  वेचविखन आफु खुशी गर्न नपाउने बताउछिन । वस्तुभाउ विक्रिबाट आएको रकम कसले राख्नुहुन्छ भन्ने प्रश्नको जवाफमा उनि भन्छिन पैसा त श्रीमानले नै राख्नु हुन्छ र सो रकम आफु खुशी खर्च गर्न पाउदिन यदि आवश्यक परेको खण्डमा श्रीमानसंग मागेर मात्र आफ्नो आवश्यकता पुरा गर्ने बताउदछिन ।

## ५.३ घासपानी र भकारो सफा गर्ने काम

**वैयक्तिक अध्ययन ११ का**(वर्ष ६०) का अनुसारघरायसी जीवन संचालन गर्न घरमा धेरै कामहरू महिला पुरूष मिलेर गर्नु पर्दछ भने कतिपय कामहरू महिला केन्द्रित हुन गर्दछन् । घरमा गरिने घरयासी काममा घासपानी र भकारो सफा गर्ने काम पनि पर्दछ । ग्रामिण भेगमा प्राय सबै जना कृषिमा आवद्ध हुने गर्दछन् । घरमा पशुपालन पनि गर्दछन् घरमा पालेका वस्तुभाउको हेरचाह घास पराल दिने पानी दिने भकारो सफा गर्ने जस्ता अन्य काम प्रशस्त हुने बताउदै महिलाले नै बढी गर्ने बताउदछिन् । कुनै पनि घरयासी कामका आ-आफ्नै विशेषता हुने र कसले त्यो काम गर्छ भन्ने पनि त्यसमा महत्त्व रहेको बताउदै मुस्लिम समुदायमा घासपानी र भकारो सफा गर्ने काममा महिलानै धेरै सहभागी हुने बताउदछिन् । पानी भर्ने, गोठालो जाने, घासदाउरा गर्ने देखि घरयासी कामकाजमा महिलाको उपस्थिति धेरै देखिने बताउदछिन् ।

यस तालबेसी गाउँमा खानेपानीको समस्या नभएका कारण पानीका लागि छुट्टै समय छुट्याउन नपरे पनि अन्य कामकाजमा आफै अग्रसर हुन पर्ने बताउदछिन् ।

## ५.४ आम्दानीको स्रोत

मानिसलाई बाच्नका लागि आम्दानीको आवश्यकता पर्दछ र आम्दानीका लागि मानिसले केहि कार्य गर्दछन् ।अन्य समुदायका मानिसले जस्तै मुस्लिम समुदायका मानिसले पनि आफ्नो जिवन यापनलाई सहज बनाउने कार्य गरेका हुन्छ । जुन कार्यबाट आम्दानी पनि हुन्छ ।

**वैयक्तिक अध्ययन १२ का(वर्ष ५०**) का अनुसार गाँउका मानिसको मुख्य आम्दानीको श्रोत भनेको कृषि नै हो । मानिसहरु आफ्नै खेतबारीमा किसानी गरि आफ्नो गुजारा चलाउने गर्दछन । आफ्नो खेत नहुनेहरु अरुको गर्दछन भन्छिन । खेत अधियामा लिँदा उत्पादन भएको आधा अंश खेती धनीलाई बुझाउनु पर्दछ । उनी भन्छिन पैसा हुनेहरुले त खेत बन्दकीमा लिएर पनि खेती किसान गर्दछन । नसिवनका अनुसार कृषि पछि आम्दानीको मुख्य श्रोत भनेको वैदेशिक रोजगारी पनि हो । उनका चार जना छोराहरु वैदेशिक रोजगारका लागि एक पटक भएपनि विदेश पुगेका छन् ।
परम्परागत रुपमा पुर्खाहरुले चुराको व्यापार गर्ने र त्यही चुराको व्यापार गरेका कारण आफुहरुलाई चुरेटो भन्न पाइदैन भन्दै चुरेटो शब्द प्रतिको आफ्नो असहमति समेत व्यक्त गरेकी छिन् । उनका साइलो छोराले गाँउ मै किराना पसल गर्दछ तर नुन तेल जस्ता वस्तुहरु हिन्दु समुदायका व्यक्तिहरुले लैजान्नन् किनभने हामी मुसलमानलाई तल्लो दर्जाका नागरिकका रुपमा हेरिन्छ । मानिसहरुको यस्तो व्यवहार देखेर उनी चिन्तित हुने गर्दछिन । आम्दानीका श्रोतमा कृषि, वैदेशिक रोजगार जस्तै अन्य पर्दछन् । अन्य भन्नाले कोही शिक्षक छन, कोही ड्राइभर छन् । उनका माइलो छोराको ट्रयाक्टर छ ।उनि ट्रयाक्टर चलाउने गर्दछन । असारमा खेत रोप्नका लागी तालबेशि फाटमा सबैले ट्रयाक्टर लगाएर खेत जोत्ने र रोप्ने गर्दछन भने कार्तिक मंसिरमा आलु, गहु, मकै लगाउनका लागि पनि ट्रयाक्टरको उपयोग हुने उनको भनाई छ ।

**उनका अनुसार** कृषि पेशाले उनिहरुलाई राम्रोसंग नै गुजारा भएको बताएकी छन् । यदि नपुगेको खण्डमा के गर्नु हुन्छ भन्ने प्रश्नमा छिमेकीसँग आवश्यकता हेरेर सरसापटी लिने गर्दछौं भन्छिन् । नपुगेर ऋण लिन परेको त छैन भन्ने उनको भनाइ रहेको छ ।

**वैयक्तिक अध्ययन १३ का**अनुसार यस गाउँमा जति पनि परिर्वतन भएको छ त्यो सबै वैदेशिक रोजगारीमा गएका कारण हो भनेका छन । विदेशको पैसाविदेशको सिपले नै यस गाउमा परिर्वतन ल्याएको छ भनेका छन भने अझ उनले भनेका छन की धेरै लामो समयदेखी आफुहरु यस गा.वि.स.मा बसोबास गर्दै आएको र यहाँको आदीवासी नै आफुहरु भएको बताउने उनी आफ्नो परम्परागत पेशा चुराको व्यापार नभएको र स्वेच्छिक रुपमा चुराको व्यापार गर्दैमा त्यसलाई चुरेटो भन्न पाइन्छ भन्दै चुरेटो शब्द प्रतिको आफ्नो असहमती समेत व्यक्त गरे यस गाँउको विकासका लागि के गर्नु पर्ला भन्ने जिज्ञासामा उनी ग्रामीण सडक पिच हुनु पर्‍यो, खानेपानीको व्यवस्थित समाधान हुनु पर्‍यो । यहाँ नै बसेर केही गर्छु भन्ने युवालाई ऋण पाउनु पर्‍यो र गल्ती गर्ने र बसेर खाने मानिसलाई सरकारले नै कारबाही गर्नुपर्‍यो । जो कसैलाई पनि काम नगरिकन खान दिनु हुदैन र नो काम नो मामलाई लागु गर्नु पर्दछ भन्दै गाउँ र देश विकासका लागि सबैले एकजुट भएर काम गर्नुपर्ने भेदभाव र्न नहुने जस्ता कुरामा ध्यान दिनु पर्दछ भन्दै हेर्नोस हाम्रो यो समाज गाउमा जति राम्रा घर बनेका छन ति सबै विदेशको पैसाले हो । विदेश नगई सुख नै छैन आफुहरुको एकमात्र रोजगारीको गन्तव्य विदेश रहेको बताउँदछन ।

## ५.५ आम्दानीको लगानी

**वैयक्तिक अध्ययन १५ काअनुसार**(वर्ष ४०) घरमा आम्दानी भएको आय कहाँ कसरी लगाउने र थप आयआर्जन कसरी गर्ने भनेर मुस्लिम समुदायको परिवेशमा मुख्य आम्दानी पुरूषले नै गर्ने गर्दछन् । कोही कोही महिलाहरू चुरा व्यापार गर्ने गर्दछन् । तर महिलाको तुलनामा पुरूषले नै आय आर्जनका काम गर्छन् । वैदेशिक रोजगार, व्यापार व्यवसाय, कृषि आदि बाट मुस्लिम समुदायका परिवारले आफ्नो गुजारा गर्दछन् । यसरी कमाएको पैसा कहाँ कसरी लगानी गर्ने कसरी उपभोग गर्ने भन्ने कुरा नि धेरै मात्रामा पुरूषले नै निणर्य गर्ने गरेको बताउदछिन् । एकल महिला र पुरूषहरू वैदेशिक रोजगारमा गएका घरपरिवारले भने आम्दानीको लगानी कहाँ गर्ने भन्ने कुरा महिलाले नै निर्णय गर्ने गर्दछन् । आर्जन गरेको आम्दानी शिक्षा, स्वास्थ्य र पारिवारिक खर्चमा धेरै लगानी गरेको

देखिन्छ । जसमा बढी हात पुरूषको निर्णयको नै हुन्छ । वस्तुभाउ विक्रिबाट प्राप्त रकम पनि महिला आफुले राख्दैनन् पुरूषले नै राख्ने गर्दछन् । महिलालाई पैसाको आवश्यकता हुँदा पुरूष सँग नै मागेर आफ्ना आवश्यकताहरू पुरा गर्छन् । यस अध्ययनमा गरिएको सर्वेक्षण अनुसार आम्दानीको लगानीमा पुरूष नै बढी मात्रामा सक्रिय भएको बताउदछिन् ।

## ५.६ सन्तानोत्पादन

सन्तान हरेक आमा वावुको इच्छा हुन्छ । आफ्नो सन्तान होस भन्ने कुरा हेरक विवाहित महिला पुरूषको चाहाना हुन्छ । विवाह पश्चात सन्तान कहिले जन्माउने, कति जन्माउन, कति वर्षको अन्तरमा जन्माउने भन्ने कुरामा हरेक दम्पती बिच सर सल्लाह र समझदारी हुनु पर्दछ । **वैयक्तिक अध्ययन १९ का**(वर्ष २५) का अनुसार आजको आधुनिक युगमा आईपुग्दा हरेक मानिसमा धेरै थोरै भए पनि चेतनाको विकास भई सकेको र यस्तै चेतनाको विकास मुस्लिम समुदायमा पनि भएको छ। सन्तान सँग सम्बन्धित हरेक कुराको निर्णयमा पुरुषको बढी महत्वपूर्ण भूमिका रहेको बताउदछिन्। मुस्लिम धर्म अनुसार सन्तान भनेका अल्लाहका रूप हुन र अल्लाहले दिए जति जन्माउनु पर्छ भन्ने मान्यता रहेको पाइन्छ । तर आजकल थोरै मात्रामा भए पनि यस्तो सोचाइमा कमि आएको बताउदछिन् ।

सन्तान हरेक आमा बुबाको इच्छा हुन्छ । आफ्नो सन्तान होस भन्ने कुरा हरेक विवाहित महिला पुरुषको चाहना हुन्छ । विवाह पश्चात सन्तान कहिले जन्माउने, कति वर्षका अन्तरमा जन्माउने भन्ने कुरामा हरेक दम्पती बिच सरसल्लाह र समझदारी हुनु पर्दछ ।

उनका अनुसार सन्तान भनेको विवाहित महिला पुरु दुवैको चाहनाको विषय हो । यसमा सन्तान कहिले जन्माउने, कति वर्षको फरकमा जन्माउने भन्ने कुरामा श्रीमान श्रीमती दुवैको समान रुपमा एउटै निर्णय हुन आवश्यक मान्दछिन् । उनको परवार एकल परिवार हो जसमा उनका श्रीमान श्रीमती, दुई छोरी र एक छोरा रहेका छन् । तिन वटा सन्तान जन्माउनुमा हामी दुवै श्रीमान श्रीमतीको निर्णय हो भन्ने कुरामा उनि सहमत छिन् । दुई-दुई वर्षका फरकमा उनले सन्तान जन्माएकी थिइन । अब दुबैको सल्लाह अनुसार अरु सन्तान नजन्माउने निर्णय उनिहरुले गरेका छन् । सन्तान आफ्नो इच्छा अनुसार जन्माउनु भएको हो भन्ने प्रश्नको उत्तरमा उनले हो भनेर जनाएकी छन् ।

**वैयक्तिक अध्ययन २० का** (५० वर्ष) अनुसार पहिले उनका पालामा परिवार नियोजनका साधन नभएको र सन्तान जन्माउने प्रकृयामा आफुले कुनै निर्णय लिन नपाएको कारण आफ्नो सन्तान धेरै जन्मिएका मान्दछिन् । सानैमा विवाह भएको र विवाह हुने वित्तिकै सन्तान जन्माइयो त्यति बेला सन्तान धेरै नजन्माउ भन्न पनि सकिएन । अल्लाहले दिएको कुरा भन्दै धेरै सन्तान जन्माउन पुगियो भनेर सम्झिन्छिन । उनी सन्तान जन्माउने निर्णय मात्र श्रीमानको हुने गर्दथ्यो । त्यस निर्णयमा आफुले कुनै प्रतिकार गर्न मिल्दैनथ्यो । घर परिवारले पनि धेरै सन्तान भएको राम्रो मान्ने चलन थियो भन्छिन । नसिवन अहिले उनका छोराछोरीमा धेरै सन्तान भए दुख पाइन्छ परिवार राम्रो बनाउन सकिदैन भन्ने कुरामा सहमत देखिन्छिन । अहिले आएर यो परिर्वतन जनचेतना र जिवन भोगाईका क्रममा उनिहरुले महसुस गरेका कुराहरु हुन् । हाम्रो पालामा पनि शिक्षाको पहुँच छोरीहरुमा पनि भएको भए ति धेरै सन्तान हुन्थेनन् होला भन्दै आफुले पढ्न नपाएको र त्यही कारणले गर्दा सन्तान धेरै हुन गई आफुलाई प्रजनन सम्बन्धी विभिन्न रोगहरु लागेको कुरालाई स्विकार गरेकी छन् । सन्तान आफ्नो च्छा अनुसार जन्माउनु भएको हो भन्दा कुनै सन्तान इच्छा अनुसार पनि भए कुनै इच्छा विपरित पनि भए भन्ने भनाई उनको रहेको छ । यस्तो किन भयो भन्ने प्रश्नमा उनले छोराको चाहनाले भन्ने जवाफ दिइन । अन्य धर्म संस्कार र समुदायमा जस्तै मुस्लिम समुदायमा पनि छोराको हत्व धेरै संस्कार र समुदायमा जस्तै मुस्लिम समुदायमा पनि छोराको महत्व धेर रहेको स्पष्ट बुझ्न सकिन्छ ।

## ५.७ सामाजिक कार्यमा महिलाको सहभागिता

**वैयक्तिक अध्ययन २१ का**अनुसार समाजमा हुने झारा पर्ममा महिलाहरू सहभागि हुन्छन् तर सभा, समारोह, वैठक जस्ता कार्यमा पुरूषकै वाहुल्य धेरै पाइन्छ ।
मानव जीवनमा शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षा विना मानिस आँखा नभएको अन्धो हुन्छ । शिक्षाले मानिसमा जनचेतना जगाउनुको साथै नयाँ सोच र उर्जाको पनि विकास गर्दछ । आजको वैज्ञानिक युगमा शिक्षा अपरिहार्य आवश्यकता हो । आजको युगमा कोही पनि वालबालिका शिक्षाको उज्यालो घामबाट वञ्चित हुनु हुँदैन बताउदछिन् ।

मानिस सामाजिक प्राणी हो । मानिसलाइ बाच्नका लागि, जिबन यापन गर्नका लागी समाजको आवश्यकता पर्दछ ।समाजमा बसोबास गर्ने मानिसहरु एक अर्काको सहायता गर्दछन । समाजमा बसीसकेपछि यो मानिसको दायित्व पनि हो ।उनका अनुसारपरिवार

परिवार मिलेर समाज बन्दछ । यही समाजमा बसोबास गरीसकेपछी हामीले समय अनुसार कार्यहरु पनि गर्नुपर्दछ र आफ्नो भुमिका निर्वाह गर्नुपर्दछ । मानिस सामाजिक प्राणी हो र उसलाई बाच्नका लागी विभिन्न आवश्यकताहरु पुरा गर्नु पर्दछ । जसमा बाटोघाटो, पानीपधेरो आदि पर्दछन । यि सबैको निर्माणको लागि हामीहरु नै मिलेर काम गर्नुपर्दछ । जसका लागि सबै जना एक जुट भएर लागेमा मात्र गाँउको विकास हुन्छ । यस्ता कार्यमा महिला भन्दा पुरुषको नै उल्लेखनीय सहभागिता रहन्छ । महिलाको तुलनामा पुरुष यस्ता सार्वजनिक कार्यमा सहभागी हुने गर्दछन । जसले गर्दा महिला बाहिर वातावरणमा घुलमिल हुन पाउदैनन् भन्ने भनाई उनको रहेको छ । एकल महिला र घरमा श्रीमान नभएका महिला मात्र यस्ता कार्यमा सहभागी हुने गर्दछन । नत्र अन्य महिला निकै कम मात्रामा यस्ता कार्यमा सहभागी हुन्छन । गाउँ घरमा हुने भारापर्ममा पनि पुरुष नै बढी सहभागी रहन्छन् ।

मुस्लिम समुदायमा त झनै महिला घरबाट बाहिर निस्कन हुदैन महिला भनेको घरपरिवारको रेखदेख गर्ने र सन्तानोत्पादन गर्ने प्राणीको रुपमा मात्र देखिन्छ । महिलालाइ हरेक अवसरबाट वञ्चित गरिन्छ भन्ने कुरा स्पष्ट पार्दछन ।

सार्वजनिक तपाइको निर्णय कत्तिको सुनिन्छ भन्ने प्रश्नको उत्तरमा उनि भन्दछिन एक त हामी महिला त्यस माथि पनि मुस्लिम समुदायका त्यस कारणले हाम्रा निर्णयहरु सार्वजनिक कार्यमा सुनिदैन भन्दछिन ।

**वैयक्तिक अध्ययन २३ का**(वर्ष २७) का अनुसार यस तालबेशि गाँउमा मुसलमान भन्दा अन्य जातीको बसोबास धेरै रहेको सार्वजनिक कामकाजको निर्णय उनिहरुले नै गर्ने र झारा पर्मको दिनमा मात्र खबर गर्ने चलन रहेको छ । यसरी झारा पर्मको खबर आइसकेपछि पनि घरका पुरुष नै सार्वजिनिक कार्यमा सहभागी हुने गर्दछन । महिला घरमा बस्ने र घरकै कामकाजमा व्यस्त रहने र महिलाले बाहीरका कामकाज गर्न नसक्ने मान्यताका अनुसार महिलालाई यस्ता कार्यमा कमै मात्रामा संलग्न हुने गर्दछन ्। यदी संलग्न भई हाले पनि महिलाको निर्णय गर्ने काम पुरुषको मात्र हो भन्ने धारणा रहेको छ ।तपाइको घरबाट गाँउघरमा हुने सावैजनिक कार्यमा कस्को सहभागीता रहन्छ भन्ने प्रश्नको जवाफमा श्रीमान घरमा नभएका कारण यस्ता कार्यमा आफै सहभागी हुने गरेको तर यस्ता

कार्यको निर्णय हामी महिलाहरुले गरिदैन ।पुरुषहरुले जे जे काम जसरी गर भन्दछन त्यही अनुसार काम गर्ने आउने महिलाको कार्य हो उनि बताउदछिन ।

## ५.८ सभा, सम्मेलन र आमा समुहमा महिलाको सहभागिता

मुसलमान नागरिकहरु वर्तमान समयमा आफ्नो अधिकार प्रति वढी सचेत भएको पाइन्छ । यस सम्बन्धमा **वैयक्तिक अध्ययन २४ का**(वर्ष ३५) का अनुसार आफ्नो समुदायका आवश्कता र सरकारले सहयोग गर्नुपर्ने,क्षेत्रका बारेमा बताएकी छन । गाँउघरमा हुने विभिन्न सभा सम्मेलनमा हामी महिलाको कम उपस्थिती रहने तर आमा समुहमा भने मुस्लिम समुदायका सबै महिलाले भाग लिने महिलाको एक दिन सबैजना महिलाहरु बैठक बस्ने र महिलाहरुका लागी कस्ता कस्ता कार्य गर्ने भनि छलफल गरिन्छ । वचत गर्ने वानिको विकास गर्नका लागी महिलाको १०० रुपैया उठाई त्यसलाई जम्मा गरीआवश्यक परेका महिला साथीलाई न्यूनतम व्याजदरमा ऋण उपलब्ध गराइन्छ । यस्तो कार्यले हाम्रो समुदायमा धेरै महिला साथीलाइ सहयोग पुगेको छ । आमा समुहले हामी महिलालाई आत्मनिर्भर पनि बनाइदै गएको छ । कुनै पनि महिला घरेलु हिंसाका शिकार भएका छन भने पनि आमा समुहका दिदी बहिनी गएर घर परिवारलाई सम्झाई बुझाई गरि घर गृहस्थी सुधारेको पनि प्रशस्तै उदाहरणहरु रहेका छन । महिलाहरु मिलेर बनेको समुह आमा समुह भएको हुनाले यहाँ सबै महिलाको आवाज सुनिन्छ र सबैको निर्णयबाट आएको निर्णयलाइ नै हामी सबै महिलाले अनुशरण गर्दछौं भनिन्छ । मेलापात गएर कमाउको आम्दानीको थोरै हिस्सा भएपनि समुहमा जम्मा हुने गर्दछ जसको कारणले आफुलाई आवश्यक परेका बेला आफ्ना पैसा निकालेर आवश्यकताहरु पुरा गर्न सजिलो हुने गरेको छ ।

## ५.९सार्वजनिक उत्सवमा महिलाको सहभागिता

मानिस सामाजिक प्राणी हो र उसले आफ्ना हरेक क्रियाकलाप सामाजिक मुल्य, मान्यता र मर्यादालाई ध्यानमा राखेर कार्य गर्दछ । **वैयक्तिक अध्ययन २६ का**का अनुसार गाँउघरमा खासै त्यस्ता उत्सव नहुने र भई हाले पनि पुरुषहरु कै वाहुल्यता धेरै हुने बताइन ।हामी महिलाहरु त्यस्ता सार्वजनिक उत्सवहरुमा उपस्थित हुदाँ बालबच्चा सहित जानुपर्ने हुन्छ, कतिपय अवस्थामा बालबच्चा नल्याउनु होला पनि भनिएको हुन्छ यस्तो अवस्थामा घरबाट पुरुष नै सहभागि हुने गर्दछन् । गाँउघरमा हुने विवाह, व्रतबन्ध,

मुस्लिमहरुको चाडपर्वमा सबैजना उपस्थित भइन्छ । यदि गाँउघरमा कोही लाहुरे आयो र आमा समुह मिलेर लाहुरे मान्न जाने अवस्थामा हामी महिलाहरु कै उल्लेख सहभागिता रहन्छ । कतिपय घरमा महिलालाई यस्ता कार्यमा जानबाट बञ्चित गरिन्छ तपाई घरको काम धन्दा छोडेर सार्वजनिक उत्सवहरुमा जान पाउनु हुन्छ, कि हुदैन भन्ने प्रश्नको जवाफमा पाउछु भन्ने उत्तरका साथ कतिपय घरमा महिलालाई त्यस्ता कार्यमा जान बञ्चित गरिन्छ भन्ने कुरा प्रष्ट पार्दै किन महिलाहरु त्यस्ता कार्यमा सहभागि हुन पाउदैनन् होला भन्ने प्रश्नको जवाफमा छोरी चेली त्यस्ता ठाँउमा हिड्नु हुदैन भनेर बताउदछिन ।

**वैयक्तिक अध्ययन २९ का**(वर्ष ३५)का अनुसार मानिस सामाजिक प्राणी भएकोले उसलाई मनोरञ्जन पनि चाहिन्छ । रङ्ग रमाइलो गर्नु, चाडपर्व मनाउने, साथी भाईसंग भेटी सुख दुःख भलाकुसारी गर्ने एक माध्यम विभिन्न चाडपर्व एवं मेला उत्सवले नै हुन बताउदछिन । त्यस्ता मेला उत्सवहरुमा पुरुषको नै वाहुल्यता रहन्छ र गाँउ ठाँउमा बेलाबेलामा हुने चाडपर्व मेला, उत्सव, व्यापारिक महोत्सव वा अन्य कुनै रमाइलो कार्यक्रमहरुमा पहिलाको तुलनामा महिलाको सहभागिता केहि बढेको हो की जस्तो देखिने बताउने उनि घरयासी कामकाजमा बढि व्यस्त हुने महिलाहरु त्यस्ता कार्यमा सहभागि हुनका लागि खासै समय हुदैन । हाम्रो मुस्लिम धर्म संस्कार अनुसार महिलालाई त्यस्तो कार्यमा जानको लागि रोक लगाईन्छ । रोक लगाउनुको कारण के होला भन्ने प्रश्नको उत्तरमा हाम्रो धर्म संस्कार अनुसार त्यहि चल्दै आएको बताउदछिन । मुस्लिम धर्म अरु धर्मको तुलनामा बढि कठोर अधिनमा राख्ने मानिन्छ र जसको आदेश जति कठोर र अमानवीय भए पनि पालना गर्नु नै पर्ने बताउदछिन ।

# अध्याय: छ

# वैवाहिक तथा शैक्षिक अवस्था

## ६.१ मुस्लिम समुदायमा महिलाका वैवाहिक प्रकृया

**वैयक्तिक अध्ययन ३० का**(वर्ष ४५) का अनुसार बढ्दो विकासको गति शिक्षा, स्वास्थ्य र संचारको कारणले मुस्लिम समुदायलाई पनि प्रभाव पारेको देखिन्छ । आफ्नो छोरीको विवाह उसले रोजेको छानेको केटा सँग गरिदिने प्रक्रिया बढ्दो छ । मोवाइल फोन, टेलिभिजन, इन्टरनेट, फेसबुक जस्ता सामाजिक संजालका कारणले कतिपय किशोरीहरू उमेर नपुग्दै वा पुगे पछि आफ्नो इच्छा अनुसार भागी विवाह पनि गरेको देखिन्छ । कतिपय अवस्थामा यस्तो खालको विवाह दिगो नहुन पनि सक्छ । कतिपय अवस्थामा वाबुआमाले रोजेको केटा सँग विवाह गर्दा विवाह दिगो हुन जान्छ । जीवनमा एकपटक मात्र गरिने विवाहमा आफ्नो मंजुरी हुन अति आवश्यक देखिन्छ । जुन मुस्लिम समुदायमा बढ्दै गएको पाइन्छ । छोरीलाई पनि शिक्षाको अवसर दिनु पर्छ भन्ने मान्यताको विकास सगै विवाह प्रक्रियामा पनि परिवर्तन आएको बताउदछिन् ।

मुस्लिम भाषा अनुसार विवाहलाई निकाहा भनिन्छ । अन्य जातीको जस्तो दिन जुराएर विवाह गर्न नपर्ने यस जातिलाई बहु विवाह धर्मले नै स्वीकृती दिएको र उक्त बहुविवाह गर्ने अधिकार पुरुषमा मात्र सिमीत रहेको भनी व्याख्या र विश्लेषण गरेको मुस्लिम समुदायको अधिकांश विवाह मागि हुने गरेकोमा वर्तमान अवस्थामा आएर प्रेम विवाह गर्ने, बहुबिवाहलाई कम मान्यता दिने विचारको वर्चश्व मुस्लिम समुदायमा रहेको बताइन्छ । जुन कुराले विवाह संस्कारमा समेत मुस्लिम धर्ममा विवहलाई व्यवस्थित र मर्यादित बनाउनका लागी स्पष्ट व्यवस्था गरेको बताएकी छन् । उनका अनुसार दोस्रो विवाह गरेको र आफ्नो धर्ममा विवाह सम्बन्धमा धेरै छुट भएको बताएकी बताइन् । एकल महिला उनी आफ्नो धर्मले विधवा विवाहलाई मान्यता दिएर महिलाको अधिकार संरक्षण गरेको छ । जसको कारण उमेरमा नै विधवा भएको महिलाले एकल रुपमा जिवन विताउन नपर्ने छ भन्दै विधवा विवाहको पुर्ण रुपमा सर्मथन गरेकी छन् ।

आफ्नो समुदायमा ग्रह्व मुस्लिमले विवाह गरेमा गृह प्रवेश गराउनु अगाडी उनलाई विवाह कै विधी अनुसार इस्लाम धर्म स्विकार गर्न लगाइन्छ र कुरानका बचनहरु वाचन

गर्न लगाइनछ । यसरी विवाह गरेर ल्याएको गैह्र मुस्लिमहरुको कन्या वा विधवा जे भएता पनि उनको समाजमा स्थान भने उच्च नै रहने आफ्नो समुदायमा कुनै पनि जातीमा विभेद नभएको भन्दै आफुले दोस्रो विवाह गरेर आएको भएतापनि यस समाजमा आफुलाई अपहेलनाको दृष्टिकोणबाट हेर्ने नगरेको र सम्मानीत रुपमा विवाह गर्न छुट भएको बताइन ।यसरी आफ्नो धर्मले दोस्रो विवाह गर्नमा कुनै रोक नलाएको बरु प्रोत्साहन नै गरेको छ । त्यसकारण आफ्नो समुदायमा विधवा महिलाहरु जुन प्रजनन उमेरका छन् तिनीहरु कम भएको दावी समेत गरिन् ।

उनीले इस्लाम धर्मका सम्बन्धमा कस्तो व्यक्तिसँग विवाह गर्न मिल्दछ र कस्तासँग मिल्दैन भन्ने प्रसङगमा र यसमा भएको परिर्वतनका विषयमा विवाह गर्न मिल्ने जोडीका बारेमा समेत धर्मले नै तोकीदिएको हुदाँ सोही अनुसार मिल्ने बताइन  भने केही नाता सम्बन्धमा विवाह गर्न मिल्दैन जसमा आफ्नो जन्म दिने आमा, बाबुक पत्नी (सौतेनी आमा) दिदि बहिनहरु, आफुलाई दुध चुसाएका धाइ आमाहरु र त्यस्ता धाई आमाका छोराछोरीहरु पत्नीको आमा (सासु), आफ्नो वास्तविक छोराका पत्नी (बुहारी) सँग विवाह गर्न नहुने बताएकी छन । साथै पत्नीको फुपु, पत्नीको सानीआमाँग पनि विवाह गर्न नहुने बताउँदछिन भने हिन्दु धर्म ग्रन्थ जस्ता वशं कुल गोत्र जात सम्बन्धमा विवाह गर्न हुने नहुने भनी नतोकी आफ्नो धर्म ग्रन्थले नाता सम्बन्ध खुलाएर विवाह गनै हुने नहुने कुरा स्पष्ट पारेको हुँदा अन्य धर्म भन्दा आफ्नै धर्म स्पष्ट भएको साथै निश्चित नियम र बँधन तोकी दिएर विवाह संस्कारलाई व्यवस्थित, समुन्नत बनाउन खोजेका समेत दावी गरिन ।

## ६.२ विवाहको निर्णय प्रक्रियामा छोरीको सहभागिता

मुस्लिम समुदायका विवाहमा आफ्नै नियम कानुन रहेका छन । त्यही नियम कानुनमा रहेर विवाह कोसँग, कसरी र कति बेला गर्ने भन्ने निर्णय परिवारका प्रमुख अथवा घरमुलीले निर्णय लिने गर्दछन् । आफ्ना सन्तान विवाहको लागी योग्य भएपछि आमा बाबुको कर्तव्य अनुसार सन्तानको विवाहको निर्णय लिने गर्दछन् ।

**वैयक्तिक अध्ययन १ का**अनुसार आफ्नो मागी विवाह भएको र आफ्नो विवाहको निर्णय आमाबाबुले गरेको बताउदछिन । मुस्लिम समुदायका महिलाहरु निर्णय प्रक्रिया धेरै पछाडी रहेको र हरेक कुरामा निर्णय कि आमा बाबु कि श्रीमानले गर्ने गर्दछन । महिलाहरु

निर्णय प्रक्रियामा कमजोर देखिन्छन । उपयूक्त शिक्षा चेतनाको कमीले यस्तो भएको बताउदछिन । राज्यले पनि मुस्लिम समुदायको हक हितमा केही नगरेको र महिलाहरु पछाडी परेको भन्ने उनको भनाई रहेको छ ।

छोरीलाई विवाह गर्न मन भए नभएको विवाह गर्ने केटा मन परे नपरेको विचार नपुऱ्याइ उमेर नै नहुदै विवाह गरेर अर्काको घरमा जानी जात जति सक्दो छिटो पठाउन पाए हुन्थ्यो भन्ने विचार धारा पाइन्छ । सानै उमेरमा जवरजस्ती विवाह गरिदिनाले घरबार बिग्रने सन्तानोउत्पादन धेरै हुने हुनाले जनसंख्यामा वृद्धिका साथ साथै महिलाको प्रजनन स्वास्थ्यमा पनि असर पर्न जान्छ जसको कारणले महिलाको मृत्यु सम्म पनि हुन सक्ने कुरा व्यक्त गर्दछिन् ।सानै उमेरमा विवाह गर्नाले कति छोरीहरु घर सम्हाल्न नसकेर घरवार विग्रिएर माइतीमा आएमा माइतीको साहारामा बाच्न बाध्य भएका कति उदाहरण छन भन्छिन । विवाहको निर्णय प्रक्रिामा हात आमा बाबुको र आफन्तको हुन्छ त्यति नै छोरीको निर्णय पनि लागु हुने हो भने विवाहमा देखिएका समस्याहरु विस्तारै समाधान हुने धारणा व्यक्त गर्दछिन् । छोरीलाई शिक्षा र असल संस्कार दिएर आफ्नो खुट्टामा उभिन सक्ने बनाएर मात्र विवाह गरिदिनु आमा बाबाको कर्तव्य हो । सो गर्नाले हरेक नारीहरु शिक्षित हुनाको साथसाथै आफ्नो श्रीमान अथवा घरपरिवारमा आश्रित भएर बाच्नु पर्दैन भन्ने कुरा बताएकी छिन ।

**वैयक्तिक अध्ययन ४ का**का अनुसार छोराछोरीको विवाहको निर्णय बाबुआमाले गरेको राम्रो मान्दछन । आमा बाबु भनेको सधै छोरा छोरीको राम्रो चिताउने व्यक्तिको रुपमा मानिन्छन । उनिहरुले सधै सन्तानको खुसी चाहन्छन । तिनै चाहना मध्यमा विवाह पनि पर्दछ । आफुहरुलाई उमेर र समयले परिपक्व बनाएको र यही परिपक्वताको आधारमा सन्तानको विवाहको निर्णय गरिने बताउदछिन । सन्तान आफुले विवाहको निर्णय गर्दा गलत हुन पनि सक्छ कलिलो उमेरमा विवाह जस्तो गम्भिर विषयमा उचित निर्णय लिन नसक्दा जिवन नै वर्वाद हुन जान्छ जसले आमा बाबुले नै गरेको राम्रो मान्दछिन । आजको आधुनिक युग सुचना तथा सञ्चारले तिव्र गतिमा फड्को मारेको छ । हरेकसंग मोबाइल छ । यस्ता सञ्चारका साधनमा राम्रो पक्ष साथ साथै नराम्रा पक्ष पनि छन । कतिपय युवा यही सञ्चारका साधनले बिग्रेका उदाहरण पनि छन । मोबाइलका कारण हतारमा नचिनेका मानिसहरुलाई पनि विश्वास गर्ने र सानै उमेरमा विवाह गरी आफ्नो भविष्य वर्वाद पार्दछन ।

यस्ता समस्याहरुबाट बचाउनका लागी पनि सन्तानको विवाहको निर्णय आमाबाबुले गरेको बताउदछिन ।

## ६.३ सन्तानको शिक्षाको स्तर

**वैयक्तिक अध्ययन ७ का**अनुसार मानव जीवनमा गास, वास र कपास जस्तै शिक्षा पनि एक आधारभूत आवश्यकता हो । जो कोहीले पनि चाहे छोरा होस् या छोरी दुवैले शिक्षाको समान अवसर पाउनु पर्दछ ।

परिवारमा छोराछोरीमा शिक्षामा समान अवसर नदेखिनुको कारण छोरा र छोरीमा भेदभाव नै रहेको स्पष्ट देखिन्छ । छोरीले पढेर के हुन्छ र अर्काको घरमा जाने जात घरको कामकाज सिक्नु पर्दछ भनेर छोरीलाई शिक्षाबाट बञ्चित गरिन्छ । यस्तो खालको सोच पनि परिवार शिक्षित नभएर आउने हो । यदि परिवारमा आमा वाबु शिक्षित हुने हो भने उनीहरूले छोरा र छोरीमा भिन्नता नगरी समान अवसर प्रदान गर्ने गर्दथे । यस्तै समस्याबाट परिवार समाज र राष्ट्रलाई मुक्त बनाउनको लागि छोरीलाई पनि छोरा सरह समान अवसर प्रदान गर्नुपर्ने बताउदछिन् । उनी आफु अशिक्षित भएको र धेरै कुरामा जानकारी नभएको साथै आफ्नो पालामा गाँउमा विद्यालय नभएको आर्थिक अवस्था कमजोर भएको पढ्न नपाएकोले अन्धो जस्तै भएको छु भन्दै शिक्षा त मानिसको आखा नै रहेछ के गर्ने भनी पढ्न नपाएकोमा दुख समेत व्यक्त गरेकी छिन् । ३ जना छोरा र २ जना छोरीलाई १० सम्म अध्ययन गराएको बताउँदछिन् । अर्को तर्फ उनले बाबुबाजेहरु चेतनाको अभाव, शिक्षाको अभावका कारण बहु विवाह, अनमेल विवाह र धेरै छोराछोरी जन्माउनका कारण र वर्तमान अवस्थामा शिक्षा र चेतनाका कारण ति सबै कुराहरुलाईसमाजले नस्विकार्ने बताउँदछिन् । सन्तानलाई राम्रो शिक्षा दिन सकिएन अहिले आफ्नो काम त गरेका छन तर श्रीमान बेलैमा परलोक भएका कारणले छोराछोरीलाईधेरै पढाउन सकिन भन्छिन् । सबै सन्तानलाई सरकारी स्कुलमा पढाए तर सबै  सोचे जति र छोराछोरी चाहे जति पढाउन सकीन सकीन भनेर दुख मान्छिन् ।

शिक्षाका कारण गाँउमा विभिन्न सघं सस्था स्थापना गरेको र त्यसैको माध्यमबाट विभिन्न किसिमको चेतना मूलक कार्यक्रम गरेको बताउँदछिन् ।उनिले हाल छोराछोरीलाई आधुनिक शिक्षा दिनका लागि पोखरामा राखेकी छन् । उनका ३ जना छोरा छोरी सबै निजी विद्यालयमा अध्ययनरत छन् । श्रीमानले विदेशबाट राम्रो कमाई गरेर

आएकाले छोरा छोरी पढाउन कुनै समस्या नभएको बताउँदछिन् । उनि आफु पनि व्यापार गर्दछिन् । अहिलेको युगमा के छोरा के छोरी दुबै समान भएका र दुवैले समान किसिमको शिक्षा पाउनु पर्ने उनको धारणा रहेको छ । हाम्रो पालामा धेरै पढ्न पाइएन ४/५ कक्षा पढ्दैमा विवाह भयो । छोरीले धेरै पढ्न हुदैन भन्थे । हाम्रो समाजमा भन्दै आफ्ना दिनहरु प्रति दुख प्रकट गर्दछिन् । पहिला र अहिलेमा आकाश जमिनको फरक भएको छ । छोराछोरीमा भेदभाव गर्ने चलन क्रमश : न्युन हुदै गएको मान्छिन । उनि सन्तानको शिक्षाको निर्णय कसले गर्नुहुन्छ भन्ने प्रश्नको जवाफमा श्रीमान श्रीमती दुबैका् समान भुमिका हुने साथै घरका हरेक क्रियाकलापमा दुवैको समान निर्णय रहने बताएकी छन् ।

## ६.४ मुस्लिम समुदायमा छोरीले छोरा सरह घरमा पढ्न पाउने अवस्था

**वैयक्तिक अध्ययन ५ का**अनुसार आजको आधुनिक युगमा शिक्षा एक अति नै आवश्यक रहेको । शिक्षा विना मानिस अगाडि बढ्न सक्दैन । शिक्षाले मानिसका अवसरका वाटाहरू खोली दिने र हरेक मानिस र समुदायमा शिक्षाको खाचो छ चाहे त्यो मुस्लिम समुदाय नै किन नहोस् आजकल अरूको देखासिकि गरेर भएपनि मुस्लिम समुदायका बालबच्चा विद्यालय जाने गर्दछन् । के विद्यालय जादैमा पर्याप्त मात्रामा शिक्षा पाइन्छ त ?अघि बढ्नका लागि आफ्नो आत्मबल वढाउनका लागि विद्यालयको पढाइ मात्र पर्याप्त हुँदैन । त्यसका लागि घरमा पनि उचित वातावरण प्रदान गर्नु पर्दछ पढ्नका लागि छोरीलाई विद्यालय त पढाउने तर विहान वेलुका घरको कामकाजमा व्यस्त राख्नाले उनीहरूले उचित मात्रामा शिक्षा लिन सक्दैनन् । मुस्लिम समुदायमा विद्यालयबाट फर्के पछि छोरालाई खाजा दिएर पढ्न लगाउने तर छोरीलाई कामकाजमा व्यस्त राख्ने चलन छ । यस्तो चलनले महिलाले कहिले पनि देश विकासमा टेवा पुऱ्याउन नसक्ने आफ्नो भनाई बताउदछिन् ।

कुनैपनि क्षेत्रमा जो कोहीले समान अवसर पाउनु महत्वपुर्ण कुरा हो समतामुलक समाज भन्नु नै विकासको संकेत हुन्छ । परिवारमा छोरा छारीलाई समान नदेखिनुको कारण आजसम्म पनि परिवारमा छोरा छोरीमा भेदभाव भएको प्रष्ट देखिन्छ भने परिवारमा छोरीलाई दास्रो दर्जाको नागरिकको रुपमा लिइएको बुझिन्छ यसरी छोरा छोरीमा समानता नदेखि छोरा छोरी बराबरी हुन भन्ने मानसिकता पलाउन उक्त परिवारहरुमा शिक्षाको महत्व त छदैछ सबै सन्तान बराबरी हुन भन्ने भावना जागरुक गराउनु पर्छ तब मात्र छोरा र छोरीको अवस्था समान हुन आउने बताउदछिन । नत्र भने जव छोरा सरह छोरीले कुनै पनि

क्षेत्रमा समान पाउदिन भने छोरा  छोरी कहिले बराबरी हुने ? भन्ने प्रश्न गर्दछिन । छोरा सरह छोरीलाई कुनै पनि क्षेत्रमा नहेरिनुको कारण के होला भन्ने प्रश्नमा मुख्यत अशिक्षा नै भएको बताउदछिन । परिवार शिक्षित भएमा कुनै पनि कारणले छोरा र छोरीमा भेदभाव नहुने बताउदछिन । भनिन्छ गएको समय फर्किदैन, यदि समयमै पढ्ने मौका पाइदैन भने पछि पछुताउनु सिवाय केहि गर्न सकिदैन । त्यसकारण मौका नगुम्दै कुनै पनि कुराको अभ्यास गर्न पाउनु नै उचित समाधान हुने बताउदछिन ।

**वैयक्तिक अध्ययन ८ का**का अनुसार हाम्रो समाजमा छोरा सरह छोरीलाई नहेरिनुको मुख्य कारण त अशिक्षा नै हो तर कतिपय मानिसहरु धर्म, कुरिति, परम्परा र मुल्य मान्यताका आधारमा पनि छोरा  र छोरीमा भेदभाव गरिन्छ । छोरी भनेको पराईको धन हो उसलाई शिक्षा स्वास्थ्य, लत्ताकपडामा खर्च गर्न पर्दैन जे गर्नु विवाह पछि आफ्नै घरकाले गर्छन भन्ने सोचाई राख्दछन् । छोरा भनेको आफ्नै हो आफैसंग रहन्छ र उसलाई राम्रो पालन पोषण र शिक्षा दिक्षा दिन सकेमा आफ्नो भविष्यको लागि राम्रो हुन्छ मान्यता राख्दछन । छोरीलाई अरुले पाल्ने जात हो उसले घरको कामकाज  जाने हुन्छ भन्दछन । घरको कामकाज खानपिन देखि शिक्षामा पनि छोरा र छारीमा विभेद पाईन्छ । छोरीलाई पढ्न पठाए पनि छोरा सरह शैक्षिक सामाग्री उपलब्ध नगराउने प्रशस्त पढ्न् समय नदिने सधै विद्यालयमा उपस्थित हुन नसक्ने जस्ता क्रियाकलाप देखा पर्दछन । छोरा भनेको परिवारको वंश चलाउने जात हो भनेर हाम्रो समाजमा छोराको धेरै महत्व रहन्छ । मुस्लिम समुदायमा त झनै नारीलाई तल्लो स्तरको रुपमा हेरिन्छ  । हरेक कुराको निर्णय पुरुषमा नै निहित रहन्छ नारीको कुनै औचित्य नै नरहने बताउदछिन । हाम्रो धर्मले पनि पुरुषलाई सबै अधिकार दिएको र महिला पुरुषको अधिनमा  रहनु पर्ने नियम रहेको बताउदछिन् ।

## ६.५ मुस्लिम समुदायमा प्रशस्त शैक्षिक सामग्रीको उपलब्धता

**वैयक्तिक अध्ययन ३ का**अनुसार मुस्लिम समुदायमा छोरा र छोरीको शिक्षामा धेरै भिन्नता पाइन्छ । छोरीलाई विद्यालय पढाए पनि आवश्यक पर्ने शैक्षिक सामग्री उपलब्ध नगराउने जस्ता क्रियाकलाप देखिन्छ भने मुस्लिम समुदायमा प्रशस्त शैक्षिक सामग्रीहरू कापी, कलम, पुस्तक झोला, स्कूल पोशाक, छाता चप्पल आदि नपाउने बताउदछिन् । विना शैक्षिक सामग्री अध्ययनमा समस्या त हुन्छ नै उक्त कुराको अभावले वालबालिकाहरूमा मनोवैज्ञानिक रूपले पनि प्रभावित पारेको बताउदै शिक्षा जस्तो अति नै महत्वपूर्ण

अत्यावश्यक कुरामा छोरा र छोरीको फरक आकाश धर्तिको छ भने उक्त जुनसुकै कुराहरूमा मुस्लिम समुदायमा महिलको अवस्था कति दयनीय भएको कुरा बताउदछिन् ।

आजको परिवर्तितशील युगमा शिक्षा अति नै महत्वपूर्ण रहेको र वैज्ञानिक एवम् व्यवहारिक शिक्षा आजको समयको माग रहेको छ । यद्यपी नेपालमा आज पनि सैद्धान्तिक शिक्षालाई नै महत्व दिइरहेको अवस्था छ । उक्त शिक्षाबाट पनि बञ्चित हुनु भनेको नैसर्गिक अधिकारबाट वञ्चित हुनु हो । धेरै जसो समाज एवम् परिवारहरू शिक्षालाई भन्दा अरू नै क्षेत्रमा बढी लगानी गर्ने प्रवृति अझै पनि हटिसकेको छैन । यदी अध्ययनको लागि विद्यालय पठाइए पनि पर्याप्त शैक्षिक सामग्री पढ्ने लेख्ने समय, विद्यालयसम्मको दुरी टाढा एवम् विद्यालयमा पनि उचित पुस्तकालयको अभाव, खानेपानीको अभाव उचित शैक्षिक वातावरण, शौचालयको व्यवस्था नहुनु र पारिवारिक समस्याका कारण अध्ययनलाई समय दिन नसक्नु जस्ता कारणले शिक्षालाई प्रभावित पारेको प्रष्ट पार्दछिन् । यसका साथै समाजमा छोराछोरीलाई हेर्ने दृष्टिकोणमा फरक परम्परावादी सोचाइले गर्दा पनि शिक्षा आर्जनमा नकारात्मक भाव देखाउदछिन् ।

## ६.६ विवाह पश्चात शिक्षा नपाउनुका कारणहरू

अन्य समुदायमा जस्तै मुस्लिम समुदायका महिलाहरूको पनि पढ्दा पढ्दै विवाह हुने गर्दछ । के मुस्लिम समुदायका बुहारीहरू विवाह पश्चात आफ्नो अध्ययनलाई निरन्तरता दिएका छन् त भन्ने विषयलाई यस अध्ययनले खोज्ने प्रयास गरेको छ ।

यस तालबेशीँ गाउँमा मुस्लिम महिलाहरू विवाह पश्चात एक जनाले पनि आफ्नो अध्ययनलाई निरन्तरता दिएको देखिदैन । जसलाई तलको तालिकाले अझ बढी स्पष्ट पार्ने कोशिष गरिएको छ ।

**वैयक्तिक अध्ययन ११का**का अनुसार आफु एक एकल महिला भएको र छोराछोरीलाई उच्च शिक्षा दिन नसकेको बताउदछन् । छोराछोरीले धेरै नपढे पनि बुहारी भने पढेको पाएकोमा उनि दङ्ग छिन् । बुहारीले माइतमा नै आफ्नो शिक्षा पुरा गरि आएकोले उनलाई घरमा आएपछि शिक्षा दिने कुरै आएन । हाम्रो समुदायमा बुहारी धेरै पढेका नभएका र आफ्नो बुहारीले पढेकाले गर्व महसुस गर्दछिन् । हाल बुहारी एक सहकारी संस्थामा आवद्ध रही काम गर्दै आएकी छिन् । बुहारीले पढेमा घर परिवार शिक्षित हुने र घरको आर्थिक स्थितिमा पनि

सुधार आउने उनको भनाई रहेको छ ।उनी एक सासु भएका कारणले उनका ४ जना बुहारीहरु रहेका र एक जना पनि विवाह पश्चात अध्ययनलाई निरन्तरता नदिएका र अध्ययनलाई निरन्तरता नदिनुको कारण पनि घरको आर्थिक स्थिति रहेको र घरको आर्थिक स्थिति कमजोर भएका कारण अन्य काम काजमा व्यस्त हुनु पऱ्यो र एक जना बुहारी पनि पढ्न नगएको बताउँदछिन् । हाम्रो समाजमा विवाह पश्चात कमै मात्र पढ्न गएका देखिन्छन् । शहर बजारमा गएका होलान तर हाम्रो गाँउमा एकजना पनि बुहारीले विवाह पश्चात अध्ययनलाई निरन्तरता दिएका छैनन् भन्दछिन् । आफ्नो माइतीमा पनि पढ्दा पढ्दै छोडेका हुन्छ । विवाह गर्न भन्दा पहिला नै छोडेकालाई पढाउने कुरै भएन कि माईतिमा एस. एल.सी उत्तिर्ण भएका भए विवाह पछि पनि पढ्न त भन्न हुन्थ्यो । मेरा बुहारी सबै विवाह पूर्व नै पढाई छोडेका कारणले विवाह पश्चात पढाउन नपरेको हो ।

विवाह लगत्तै छोराछोरी पाइहाल्ने र बुहारी भइ सकेपछि घरको कामकाजमा र सन्तानको हेरविचार गर्नुपर्ने उनको भनाइ छ । आम्दानीको स्रोत कम हुनु नै बुहारीलाइ पढाउन नसकिने प्रमुख कारण भएको र आम्दानी कम हुदा आफ्नै सन्तानलाइ त पढाउन सकेको छैन बुहारीलाई कस्ले पढाओस भन्दै आफ्नो विचार प्रस्तुत गर्दछिन् । गाउँका अन्य बुहारीहरु पनि पढ्न नपाउनुको कारणहरु घरको कामकाज, आम्दानीको श्रोत कम हुनु नै रहेको बताउँदछिन् । कतिपय सासुससुराले आफु बुढाबुढी भै सकेको र घर, खेतको काम गर्न नसक्ने र बुहारीले नै घर साथसाथै खेती, किसानी पनि गर्नु पर्ने हुन्छ भन्दै मुख्य रुपमा त ग्रामीण समाजमा मुस्लिम समुदायका बुहारीहरु पढ्न नै जान्दैनन् । अध्ययनका साथसाथै घरपरिवारको हेरविचार खेती किसान बालबच्चाको स्याहार सुसार यी सबै काम गर्न गाह्रो हुने स्विकार गरेको पाइन्छ ।

## ६.७ मुस्लिम समुदायमा छोरा छोरी सरह बुहारीले शिक्षा पाउने अवसर

**वैयक्तिक अध्ययन १४ का**मुस्लिम समुदायमा छोरा र छोरीको शिक्षामा पनि समानता देखिदैन भने बुहारीको शिक्षामा त केही पहल नै नभएको र आठ/दश कक्षामा पढ्दैमा विवाह हुने र विवाह पश्चात घरमै कामकाज र सन्तानोत्पादन कार्यमा व्यस्त हुने हुँदा उनीहरूले आफ्नो शिक्षाको वारेमा नसोचेका र शहर बजारमा छोरा छोरीलाई मुस्लिम समुदायमा पनि समान शिक्षा र अवसर प्रदान गरेका छन् भने बुहारीको शिक्षालाई पनि केही हदसम्म प्रोत्साहन गरेको बताउदै ग्रामिण भेगमा बुहारीलाई पनि पढाउनु पर्छ भन्ने

मान्यताको विकास नभएको भन्दै मुस्लिम समुदायमा त महिला भनेको घरको कामकाज गर्ने बच्चा जन्माउने हुर्काउने र तिनैको रेखदेख गर्ने भन्ने मान्यता रहेको । अलि अलि अक्षर चिने भो नि किन धेरै पढ्न पऱ्यो, पढेर के हुन्छ र भन्ने जस्ता विचार प्रशस्तै रहेको साथै मुस्लिम समुदायमा छोरीको सानै उमेरमा विवाह गरिदिने छोरीलाई पनि पढाउनु पर्छ भन्ने सोच नभएको र अर्कोको घर जाने जात किन पढाएर खर्च गर्ने बरू घरको काम धान्न सिकाए घर गरेर खान सक्छे भन्ने धेरै रहेका बताउदछिन् । जति पढ्नु माइतिमै पढी अव घर सम्हालेर वस्नु पर्छ भन्छन् सासु ससुराले समाजको यस्तो सोचाइले गर्दा मुस्लिम महिलाहरूले अरू महिलाको तुलनामा आफ्नो विकास गर्न सकेका छैनन् । हामी पनि केही गर्न सक्छौ है भन्ने आत्मविश्वास ज्यादै न्यून रूपमा रहेको छ भन्दछिन् ।

## ६.८ छोरीलाई अधिकार संपन्नता

**वैयक्तिक अध्ययन १५ का**अनुसार छोरा सरह छोरीलाई अधिकार सम्पन्न बनाउन के गर्नु पर्ला भन्ने प्रश्नको जवाफमा उनको भनाई शिक्षामा पहुँच हुनु पर्ने बताउदछिन् । अरु धर्म भन्दा मुस्लिम धर्म बढि कट्टर छ जहाँ महिलाहरुको जीवन थप कष्टकर रहेको छ र अरु समुदायको महिलालाई बढि असमानता रहेको छ छोराको तुलनामा जुन विभिन्न कारणहरुले हुन सक्छ । धर्म, मुल्यमान्यता, कुरिति परम्परावादी सोच आदि रहेको बताउदछिन । छोरा सरह छोरीलाई अधिकार सम्पन्न बनाउनको लागि रुढिवादी सोचको त्याग गरि छोरा र छोरीमा समान शिक्षाको अधिकारका साथै सञ्चारका साधनको सर्वसुलभता पनि एक रहन्छ । व्यक्तिको स्वतन्त्रता मौलिक अधिकार भित्र पर्छ । जहाँ स्वतन्त्रता हुदैन त्यहाँ जीवन कष्टपुर्ण हुन्छ । त्यति मात्र नभएर एउटै घरभित्र पनि छोरालाई स्वतन्त्रता हुनु र छोरीलाई पिजंडाको चरी सरी राखिनु ज्यादै दुःखद कार्य हो । मुस्लिम समुदायमा छोरा सरह छोरीलाई हिड्न स्वतन्त्रता छैन बताउदछिन । आजसम्म पनि पितृसत्तात्मक समाज, छोरीको तुलनामा छोराको महत्व बढि पुर्वाग्रही कानुन र नियमकानुन पुरुषले बनाएकोले नै पुरुषबाट तल्लो महिलालाई तल्लो स्तर वा भेदभाव गरिएको बताउदछिन । गाँउको अलवा शहर पनि लैङिगकताको भेदभावबाट अछुतो रहेको छैन । यति कुरा पक्का हो की शहरमा भन्दा गाँउमा भेदभाव भने छ नै । आजको परिवर्तनशील एवं वैज्ञानिक युगमा शिक्षा अति महत्वपुर्ण छ । वैज्ञानिब एवं व्यवहारीक शिक्षा आजको समयको माग रहेको छ । यद्यपी नेपालमा आज पनि सैद्धान्तिक शिक्षालाई नै महत्व दिने र उक्त शिक्षाबाट पनि बञ्चित हुनु

भनेको नैसर्गिक अधिकारबाट बञ्चित हुनु हो । धेरै जसो समाज एवं परिवारहरु शिक्षालाई भन्दा अरु नै क्षेत्रमा बढि लगानी गर्ने प्रवृत्ति अझै पनि हटि सकेको छैन । यदि अध्ययनको लागि विद्यालय पठाइए पनि पर्याप्त शैक्षिक सामाग्री पढ्ने लेख्ने समयको अभाव, पारिवारिक समस्याका कारण अध्ययनलाई समय दिन नसक्नु जस्ता कारणले महिलाको शिक्षालाई प्रभावित बनाएको बताउदछिन् ।

# अध्यायः सात

# सारांशर निष्कर्ष

## ७.१ सारांश

कास्की जिल्ला रूपा गाउँपालिका वडा नं. ६ तालवेशीँ गाउँमा बसोवास गर्ने मुस्लिम जातिको महिलाहरूको अवस्था यस शोधपत्रमा अध्ययन गर्न खोजिएको छ । नेपालमा वसोवास गर्ने विभिन्न जाति मध्ये मुसलमान जाति पनि एउटा महत्वपूर्ण जाति हो । उनीहरूको जीवनशैली, रहनसहन एवम् अन्य जीवन पद्धति अरू जातिका तुलनामा धर्मकै कारण फरक रहेको छ । मुसलमानहरूको धर्म अरू धर्म जस्तो खुकुलो छैन । यसमा धर्मले तोकेको नियमहरू कट्टरताका साथ पालना गर्नुपर्छ भने महिलाहरूप्रति यो धर्म अझकट्टर छ । उक्त ठाउँमा मुसलमानहरू मुख्यतः कृषिमा निर्भर छन् भने केही मात्र व्यापार एवम् वैदेशिक रोजगारमा आश्रित छन् । साधारणतया त्यस ठाउँका वासिन्दाहरू, केही व्यक्तिलाई छाडेर धेरै घर परिवारहरू गरिबीको रेखामुनी छन् । जसकारण उनीहरूको जीवनयापन थप कष्टकर बनेको बुझिन्छ । त्यतिमात्र नभएर अरू जातिको तुलनामा पिछडिएको जाति पनि हो ।सरकारले पनि यस जातिलाई हेर्ने दृष्टिकोण अलि फरक छ । न्यून मात्र व्यत्तिले सरकारी जागिर खाएका छन् । यस अध्ययनमा उक्त मुस्लिम समुदायमा रहेका महिलाको अवस्था बुझ्ने कोसिस गरिएको छ । जस्तो शिक्षा, घरयासी कार्य, वैवाहिक कार्य एवम् अन्य धेरै थोरै विषयमा पनि यो अध्ययन फैलिएको छ । उक्त समुदायमा महिलाहरूले छोरा सरह पढ्न पाएका छन् छैनन् यदी पढ्न पाए पनि प्रशस्त शैक्षिक सामग्री उपलब्ध छ छैन गृहकार्य गर्ने समय उनीहरूमा छ, छैन आवश्यक सामग्री पाएका छन् कि छैनन् वा बढो परिश्रमका बावजुद पढेका छन् भनेर हेरिएको छ । वैवाहिक कार्यमा उनीहरूको इच्छा विपरीत हुन्छ कि उनीहरूको कुरा पनि सुनिन्छ भन्ने उद्देश्य पनि यस अध्ययनको रहेको छ । छारी बुहारीको शैक्षिक अबस्था पत्ता लगाउने  साथै पारविारीक जीवनमा महिलाको अवस्था, प्रकास पार्ने पनि यस अध्ययनको उद्देश्य रहेको छ । आर्थिक पक्षमा पनि केही प्रसङ्ग यस अध्ययनले उठाएको छ । जसमा घरमा भएको आम्दानीहरू महिलाहरूले उपभोग गर्न पाउने कि नपाउने र उनीहरूलाई आवश्यक परेको वेलामा सजिलै उपलब्ध हुन्छ कि हुँदैन भनेर यस अध्ययनले खोतल्न खोजेको छ ।

यो विशुद्ध सामाजिक अध्ययन भएकाले अध्ययनबाट निस्केका तथ्याङ्कहरू वर्णनात्मक छन् । उक्त प्रस्तावित समुदायका महिलाहरू एवम् त्यस ठाउमा राजनीतिक अगुवाहरू सामाजिक स्वयम सेवक, जेष्ठ नागरिक, जानकार व्यक्ति, धार्मिक व्यक्तिहरू, शिक्षकहरू सम्बन्धित विद्यालयहरू मदरसा, लेख, रचना, पत्रपत्रिका क्लव आदि यस अध्ययनका सूचनाका स्रोतहरू हुन् भने यी स्रोतबाट आवश्यक पर्ने प्राथमिक एवम् द्वितीय सूचना एवम् तथ्याङ्कहरू लिइएको थियो ।

उक्त समुदायमा ३० घरधुर बाट  संकलित तथ्याङ्कहरूलाई यिनको प्रकृति अनुसार विश्लेषण, व्याख्या र प्रस्तुतिकरण गरिएको छ । मुस्लिम समुदायमा महिलाको अवस्थालाई वैयक्तिक अध्ययनबाट प्राप्त तथ्यहरुको आधारमा महिलावादी सिद्धान्त र लैङ्गिक सिद्धान्तका मान्यतासँग तुलनात्मक अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

## ७.२निष्कर्ष

नेपाल अधिराज्य भित्र जति संस्कार र संस्कृतिहरूमा विविधता छ त्यसरी नै यस अधिराज्य भित्र धार्मिक, भाषिक एवम् जातिय पनि विविधता रहेका छन् । भनिन्छ नेपाल अधिरान्यमा अनेकताभित्र एकता एवम् भातृत्वको सम्बन्ध रहेको छ । त्यसैले विभिन्न जातजाति एवम् भाषाभाषि र विभिन्न धर्म सम्प्रदाय भित्रमा पनि सहिष्णुताको मैत्रीपूर्ण सम्बन्ध देख्न सकिन्छ । सबै जात जाति र भाषा, धर्ममा आ-आफ्नै संस्कृति भए झैं मुस्लिम धर्ममा पनि विशेष प्रकारको संस्कृति छ जुन अरू धर्म भन्दा पृथक प्रकृतिको छ । त्यसैले मुस्लिम धर्मलाई अरू धर्मालम्वीहरूले हेर्ने दृष्टिकोण भिन्नै किसिमको छ ।
नेपालमा मुस्लिम धर्मालम्बीहरू अरू धर्मको तुलनामा केही पछाडि परेका छन् । धर्मका नाउँमा मात्र उनीहरू पछाडि परेका होइनन् । शिक्षा राजनीति, रोजगारी एवम् अन्य राज्यको हरेक सुविधाबाट उनीहरू बञ्चित रहेको देखिन्छ ।

रूपा गाउँपालिका वडा नं. ६ तालवेशीँका मुस्लिमहरू प्राय सबै खेती किसानीमा निर्भर छन् । परम्परावादी प्रक्रियाबाट खेतीकिसानी गर्दै आएका उक्त ठाउँका बासिन्दाहरू हाल आएर वैज्ञानिक पद्धतिबाट खेती गर्ने प्रणालीको विकास हुन लागेको छ र उन्नत जातको मल बीउ प्रयोग गर्ने पनि उनीहरूमा सकारात्मक सोच बढेको छ । परम्परावादी खेती किसानीको अलवा कोही त व्यवसायिक खेतीकिसानको शुरूवात गर्ने पक्षमा रहेका

छन् । त्यस्तै पशुपालनमा पनि उन्नत जातका पशुपक्षी पाल्ने नश्ल सुधार गर्ने, औषधी उपचार तथा गोठ खोरको पनि व्यवस्थित तरिकाले बनाउने प्रवृतिको विकास भएको छ । त्यस्तै गरेर पहिलाको तुलनामा उनीहरू राजनीतिमा पनि केही अग्रसर बनेका छन् । गा.वि.स मा आएको पैसा कसरी लगानी गर्ने, खानेपानी, सरसफाई, विद्यालय वन कसरी सञ्चालन गर्ने भन्ने बारेमा पनि उनीहरू वृहत छलफलबाट निर्णय निकाल्ने सकरात्मक सोच अगाडि वढाएका छन् । वैवाहिक प्रक्रियामा पनि बालविवाह हुने गरेकोमा यो क्रमशः घट्दो प्रक्रियामा छ । दाइजो भन्दा शिक्षामा जोड दिनु पर्छ भन्ने भावना उनीहरूमा आएको छ । शिक्षाले मानवको सर्वाङ्गीण विकासमा महत्वपूर्ण योगदान गर्ने भएकोले उनीहरू शिक्षाप्रति पहिलाको तुलनमा बढी आकर्षित बनेका छन् । छोरा सरह छोरीलाई पनि पढाउनु पर्छ भन्ने मनसाय उनीहरूमा पलाउदै गएको छ र शिक्षामा बढी दुःख गरेर भए पनि लगानी बढाएका छन् । छोरा र छोरीलाई हेरिने पुरातन दृष्टिकोणमा पनि फरक आएको छ । सामाजिक कार्य एवम् घरायसी कार्यमा पनि महिलाको महत्वपूर्ण भूमिका हुने स्वीकारेका छन् । महिलाहरू पनि महिलाको महत्वपूर्ण भूमिका हुने स्वीकारेका छन । महिलाहरू पनि अवसर पाए जुनसुकै काम पनि गर्न सक्षम छन् भन्ने कुरा विस्तारै बुझ्दै छन् । यसैको फलस्वरूप उनीहरूले आफ्नो गाउँमा हुने विभिन्न क्रियाकलापमा भाग लिएर देखाउने गरेका छन् । सरकारी स्कूलमा पनि उनीहरूको बालबच्चाहरूका पछिल्लो समयमा भर्ना ह्वातै बढेको देखिन्छ । शिक्षाको विकासका साथ साथै उनीहरूमा जीवनका धेरै पक्षमा सकारात्मक सोचाइको हुँदै गइरहेको छ । असल सभ्य नागरिक बन्नु आत्मनिर्भर बन्नु भन्ने देखिन्छ । खानेपानीको व्यवस्था धारा, कुवा वरिपरि सफा गर्ने परिवर्तित समयसँग उनीहरूको लवाइ खुवाइमा पनि परिवर्तन आएको देखिन्छ ।

मुस्लिम समुदायका महिलाहरूले वुर्का लगाउने वाध्यता हटेको देखिएको छ । महिलाहरूगुन्यू चोलो, कुर्ता सुरवालमा देखिन्छन् । पुरूषहरू पनि यदाकता आफ्नै धार्मिक पोशाकमा देखिने गर्छन् धर्मकर्ममा महिलाको तुलनामा पुरूषहरू बढी कट्टर र भक्ति देखिन्छन् । हिन्दु अधिराज्यमा वसोवास गर्ने भएकोले उनीहरूले गाईको बध गर्दैनन् । परम्परावादी चिन्तन एवम् कार्यलाई त्याग्दै उनीहरू व्यापार व्यवसाय एवम् रोजगारीको शिलशीलामा देश विदेश जान थालेका छन् । यसरी समय सुहाँउदो परिवेशमा आफुलाई समायोजन गर्दै लगेमा उनीहरूको भविष्य उज्वल देखिन्छ ।

# सन्दर्भ सूची


गुरुङ्ग, अर्जुन (२०६०), **मियापाटन पोखराका मुसलमानहरूको ऐतिहासिक चिनारी एक अध्ययन,**पोखरा : अप्रकाशित शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस ।

गौतम (२०५९), **नेपालका मुसलमानहरू,** मधुर सन्देश मासिक पत्रिका

चालिसे, पुष्पराज (२०५८), **नेपालको इतिहास र सभ्यता**, काठमाडौँ : रत्नपुस्तक भण्डार ।

बराल, मनुराज (२०६१), **तनहुँ जिल्ला अन्तर्गत सतिस्वारा गा.वि.स. का मुसलमानहरूको ऐतिहासिक, सामाजिक तथा आर्थिक अवस्था एक अध्ययन,**पोखरा : अप्रकाशित शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृथ्वी नारायाण क्याम्पस ।

मिया, रहमतुल्लाह (२००६), **मधुर सन्देश**, अलहेरा एजुकेशन सोसाइटी नेपाल ।

मेहता, चेतना सिंह (१९९६), **महिला एंव कानुन**, न्यू दिल्ली : आशिष पब्लिसिङग हाउस ।

**मेचीदेखी महाकाली भाग-३** (२०३१), काठमाडौ : श्री ५ को सरकार सञ्चार मन्त्रालय ।

मौलान, सैमद (२०५६),**अपुल अला मौदुदी इस्लाम दर्शन,**अलहेरा एजुकेशनल सोसाइटी नेपाल ।

विष्ट, डोरबहादुर (२००२), **सबै जातको फुलबारी,** ललितपुर : हिमाल किताब, हिमाल एशोसियसन ।

वैद्य, त्रिरत्न मानन्धर र शंकरलाल जोशी (१९९३), **सोसियल हिस्ट्री अफ नेपाल**, न्यू दिल्ली : अनमोल पब्लिकेशन प्राइभेट लिमिटेड ।

श्रेष्ठ, सन्ध्या (२००७), **मियाँ पाटन पोखराका विवाहित महिलाहरूको गर्भपतन र परिवार नियोजनबारे दृष्टिकोण : एक अध्ययन,**पोखरा : अप्रकाशित शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृथ्वी नारायाण क्याम्पस ।

स्याङजा जि.वि.स (२०६०), **स्याङजा एक चिनारी** ।